जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक २६, २०७५ साल असोज २६ गते शुक्रबार, नेपाल संवत् ११३८ (Oct. 12, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## हार्दिक शुभकामना

हिन्दूहरूको महान चाड बडादशैं २०७५ को पावन अवसरमा सम्पूर्ण दाजुभाइ दिदीबहिनी तथा हाम्रा पाठक, विज्ञापनदाता एवं शुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै हाम्रो भेट आगामी कात्तिक ९ गते शुक्रबार हुने जानकारी समेत गराउँछौं ।

**ग्रेटर नेपाल साप्ताहिक परिवार**

## स्काइवाक टावर बन्ने

काठमाडौं । दक्षिण एसियाकै पहिलो स्काइवाक टावर काठमाडौंमा निजी क्षेत्रको लगानीमा बन्ने भएको छ । वान्डर्स नेपालले निर्माण गर्ने सो टावर कमलादीस्थित शान्ति कुन्जमा रहेको १३ दशमलव २ रोपनी जग्गामा करिब दुई अर्बको लागतमा बन्ने भएको हो । आगामी तीन वर्षमा निर्माण स्पन्न हुने स्काइवाक टावरको शब्ददृश्य परिकल्पना सार्वजनिक गरिएको छ । वान्डर्स नेपालका अध्यक्ष इन्जिनियर आकर्षण पोखरेलले टावर बनेपछि **बाँकी ८ पेजमा**

# लोकतन्त्रको उपहास : सर्वसत्तावादको अभ्यास

काठमाडौं । तत्कालीन अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले प्रजातन्त्रको परिभाषामा भनेका थिए- 'बाइ द पिपुल, फर द पिपुल अफ द पिपुल ।'जुवेन्ली भेलीले त्यसलाई पुष्टि गर्दै थप गरे- 'एउटा मान्छेलाई एक तलामाथि उठाउनुभन्दा जनतालाई एक इन्च माथि उठाउनु बेस ।' तर नेपालजस्तो सामाजिक असमानता र उच्च संरचनागत विभेद भएको मुलुकको संसदीय प्रजातन्त्रले सत्ताधारी कुलिन वर्गलाई नै अझ शक्तिशाली बनाउन सहयोग गर्दोरहेछ भन्ने पुष्टि रामवीर मानन्धरको संसद पदबाट राजीनामा र खाली मैदानमा नेकपाले वामदेव गौतमलाई लडाउने तयारीले पुष्टि गरेको छ ।

निर्वाचित भएको एक वर्ष नबित्दै जननिर्वाचित प्रतिनिधिलाई राजीनामा दिन बाध्य पारिएको हो वा राष्ट्रिय सभा सदस्य र मन्त्री पदको लोभमा मानन्धरले जनताको मानमर्दन गरेका हुन्, त्यसको यथार्थता सार्वजनिक हुन बाँकी नै छ । तर मानन्धरले आफूले ठूलो उपलब्धिका लागि पद छाडेको भन्नुबाट यिनी लोभीपापी वर्गकै वामपन्थी रहेछन् भन्ने धेरैको बुझाइ छ । आफूलाई कसैले पनि नटेरेकाले शक्तिशाली नेतालाई निर्वाचित गर्नुपर्ने उनको जिकिरले संसद पदको हैसियतलाई पनि सतहमा ल्याइदिएको छ । उनले आफ्नो राजीनामासँगै निर्वाचन क्षेत्रका विकासे योजनामा वामदेवसँग प्रस्ताव गर्ने समेत आफ्ना समर्थक र शुभचिन्तकहरुलाई सुनाएका छन् । काठमाडौं चुनाव क्षेत्र नं. ७ मा वामदेव एक अरब खर्च गर्न तयार रहेको पनि मानन्धरले जानकारी दिएका छन् ।

जनताले राजनीतिक दलका नेता कार्यकर्तालाई आवधिक निर्वाचनमार्फत आफूमा निहित सार्वभौमसत्ता निश्चित अवधिका लागि हस्तान्तरण गर्ने विधिलाई नै लोकतन्त्र भनिन्छ । लोकतान्त्रिक मान्यतामा आवधिक निर्वाचनमा राजनीतिक पार्टीहरुबाट उम्मेदवार खडा हुन्छन्, चुनावी मैदानमा आएका त्यस्ता उम्मेदवारमध्ये योग्य ठानिएकालाई नागरिकले गोप्य मतदानद्वारा बहुमत दिएर निर्वाचित गर्छन् । कम मत ल्याएर पराजित हुने जनताबाट अस्वीकृत भएको ठहर्छ । चुनावमा पराजित त्यस्ता उम्मेदवारले अर्को निर्वाचन कुर्छन् र आफ्नो निर्वाचन क्षेत्रमा जनताको मत





जित्ने प्रकारका सामाजिक विकास र निर्माणका कामहरुमा सक्रिय हुन्छन् । कुनै नेतालाई सांसद बनाउन आवधिक निर्वाचनको समय मिच्नु लोकतन्त्रको आधारभुत मान्यतामाथिको प्रहार हो । गौतम निर्वाचनमा जनताबाट अस्वीकृत भएका नेता हुन् । गत निर्वाचनमा बर्दिया-१ बट पराजित गौतमलाई संसदमा ल्याउनु जतमतमाथिको अपमान हो । यसअघि डोल्पाका सांसद एवं पर्यटन राज्यमन्त्री धनबहादुर बुढालाई राजीनामा गराउने प्रयास गरिए पनि स्थानीय जनताको भावनाको सम्मान गर्दै उनले राजीनामा दिन अस्वीकार गरे । अन्ततः काठमाडौं ७ का मानन्धरले वामदेवका लागि ठाउँ खाली गर्न राजी भएका हुन् । दुई वर्षपछि राष्ट्रिय सभा सदस्य, मन्त्री र पार्टी केन्द्रीय सदस्य हुने लोभमा मानन्धरले आफूलाई निर्वाचित गर्ने, जनतालाई धोका दिएका छन् ।

डोल्पा, ललितपुर १, नवलपुर, पूर्वी रुकुम, प्युठान, धनकुटा १ र बाँके ३ बाट गौतमलाई उपनिर्वाचन लडाउने योजना भए पनि सम्बन्धित क्षेत्रका जनप्रतिनिधिले राजीनामा गर्न नमानेपछि वैकल्पिक क्षेत्रको खोजी गरिँदै थियो । पछिल्लो समयमा वामदेवलाई मानन्धरले काठमाडौंको क्षेत्र नं. ७ छोडिदिएका छन् । ७ नं. क्षेत्रका जनताले मानन्धरप्रति जुन अपेक्षा गरेर उनलाई संसदमा निर्वाचित गराएका थिए अहिले पछुतो मान्नुपर्ने अवस्था स्वयं मानन्धरले सिर्जना गरिदिएका छन् ।

वामदेव नेपाली वाम राजनीतिमा परिचित नाम हो । तीन पटक देशको उपप्रधानमन्त्रीसहित गृहमन्त्री भइसकेका उनी पार्टीका लागि महत्वपूर्ण व्यक्ति हुन सक्छन् तर संसदका लागि अपरिहार्य व्यक्तित्व कदाचित पनि होइनन् । उनको कार्यक्षमता र शैलीको परीक्षण भइसकेको छ । हालै प्रकाशित पूर्व आईजी अच्युतकृष्ण खरेलको पुस्तक पढे मात्र पनि थाहा लाग्छ, गौतम कुन प्रवृत्तिका नेता हुन् ? खरेलले आफूलाई आईजी बनाउन तत्कालीन गृहमन्त्री वामदेवले २० लाख ठीक पार्न सुझाएको उनले पुस्तकमा उल्लेख गरेका छन् । दक्षता, जेष्ठता र कार्यक्षमतालाई लात मार्दै 'ब्रिफकेश' सँग आईजी पद साट्न तयार गौतमलाई कुन प्रयोजनका लागि सांसद बनाउन खोजिँदैछ ? के उनलाई प्रधानमन्त्रीका लागि संसदमा ल्याइँदैछ ? त्यसो भए स्थिर सरकारको वकालत किन गर्छन् नेकपाका नेताहरु ? दुई तिहाई बहुमत सहितको केपी ओली नेतृत्वको सरकारको आयु छोटिँदै गएको संकेत हुन सक्छ । संसदमा वामदेवको आगमन ? नत्र भने- जनताले तिरेको करबाट बनेको राज्यकोषको दोहन गरेर गौतमलाई उपनिर्वाचनमा लडाउनुको कुनै औचित्य छैन ।

हुन त वामदेवले आफू उपनिर्वाचन लड्ने कुरा सार्वजनिक गरेका छैनन् । न त सत्तारुढ दल नेकपाले मानन्धरको राजीनामा र वामदेवका बारेमा कुनै आधिकारिक निर्णय नै गरेको छ । वामदेवले सामाजिक सञ्जाल फेसबुकमा मानन्धरप्रति कृतज्ञता जाहेर गर्नुले उपनिर्वाचन **बाँकी ८ पेजमा**

## महँगो बजार मारमा जनता

काठमाडौं । आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई, त्यसै भनिएको होइन । वर्ष दिनको चाडमा मिठो खाने र राम्रो लाउने चाहना सबैमा हुन्छ । परदेश गएका परदेशीदेखि देशभित्र छरिएका आफन्त भेला हुन्छन् दशैंमा । यस अर्थमा दशैंलाई भेटघाटका चाड पनि भन्न सकिन्छ । मिठो खाने, राम्रो लाउने र रमाइलो गर्ने पर्व दशैं यसपटक भने सर्वसाधारणका लागि दशा बनेर आएको छ । निम्न आय भएका नागरिकले ऋण नकाढी दशैं मनाउन नसक्ने भएका छन् । यसको कारण हो- महँगो बजार ।

डलरको विनिमय दर बढेको, दशैंको मुखमा यातायातमा मूल्य वृद्धि भएको, देशभित्र कृषि उत्पादनमा ह्रास आएको जस्ता कारण देखाउँदै व्यापारीहरुले दैनिक उपभोग्य वस्तुहरुको मूल्यमा भारी वृद्धि गरेका छन् । खाद्यान्न, तेलहन, तरकारी र फलफूल सबैको मूल्य अकासिएको छ । बजार अनुगमन गर्ने, अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्ने, उपभोक्तालाई ठग्ने व्यापारीहरुलाई कारबाही गर्नेतर्फ कथित सर्वहारा वर्गको हिमायती कम्युनिस्ट सरकार उदासीन देखिएको छ ।

व्यापारीहरुले हरेक वस्तुमा आफूखुसी मूल्य बढाएर बिक्री गरिरहेका छन् । चामल बोरामा सयदेखि २०० सम्म मूल्य बढाएका छन् । आँटामा पनि मूल्य वृद्धि गरेका छन् । तोरीको तेल, सोयाविन र सनफ्लावर सबै तेलमा १० देखि २० रुपैयाँ प्रतिलिटर मूल्य बढाइएको छ । तरकारीमा त पचास प्रतिशतसम्म मूल्य बढाएर व्यापारीहरुले बेचिरहेका छन् ।

आलु धार्नीको दुई सय पुऱ्याइएको छ । गोलभेँडा सय रुपैयाँ प्रतिकिलो पुगेको छ । काउलीको मूल्य ब्रोइलर कुखुराको १ केजी मूल्यको हाराहारी पुग्ने छाँटकाँट छ । **बाँकी ८ पेजमा**

## वनस्थलीमा माले जनसभा

काठमाडौं । नेकपा माले राजनीतिक संकल्प अभियानमा जुटिरहेको छ । पार्टी सुदृढीकरण र राज्य सत्ताले गरेका गलत कामकारबाहीको भण्डाफोर गर्दै जनतासमक्ष संवाद गर्ने अभियान चलाइरहेको मालेले गत असोज १९ गते काठमाडौंको वनस्थलीमा जनसभा सम्पन्न गरेको छ ।

पार्टीका महासचिव सीपी मैनालीले जनसभालाई लामो समयसम्म सम्बोधन गर्दै नेकपा माले संकल्प अभियानमा जुट्नु परेको कारणबारे स्पष्ट पार्नुभयो । मैनालीले परिस्थितिको चेपारोमा परेर माले निर्वाचनमा पराजित भए पनि इतिहासदेखि नै राष्ट्रियताको पक्षमा जनजीविकाको पक्षमा लाग्दै आएको बताउनुभयो । उहाँले सत्तामा रहेको नेकपा -नेकपा) ले नेकपा मालेले २०३५ सालदेखि उठाउँदै आएका कुराहरु जोडजाड गरेर घोषणापत्र बनाई आकर्षक नारा दिएर जनता झुक्याएको र त्यसको पुष्टि भइसकेको बताउनुभयो । सत्तासीन नेकपाले समाजवादको कुरा गरे पनि त्यो केवल पुँजीवादी समाजवाद मात्र भएको कुरा लामो विश्लेषण गर्दै महासचिव मैनालीले पुष्टि गर्नुभयो । पुँजीवाद जोगाउन ल्याएको सिद्धान्त बोकेर जनता झुक्याइरहेकाले अब जनतालाई भ्रममा नपर्न उहाँले अपिल गर्नुभयो ।

महासचिव मैनालीले केपी ओलीको राष्ट्रवादको नकाव उध्रिसकेको भन्दै मुलुकलाई विखण्डन गराएर मधेसी पहाडी राष्ट्रवाद कायम गराउने, हिन्दी भाषालाई राष्ट्रभाषा बनाउने, नेपाली नागरिकता सजिलै ढंगले उपलब्ध गराउने, नेपाललाई विस्तारै सिक्किमीकरण गर्दै लाने **बाँकी ८ पेजमा**


## प्रशिक्षण समापन



काठमाडौं । सुरेन्द्र ढकाल प्रतिष्ठानको रु. एक लाख बीस हजारको आर्थिक सहयोगमा तथा नारी कल्याण समाजको आयोजनामा यही भाद्र ३ गतेदेखि संचालित झापा जिल्ला बिर्तामोड नगरपालिका र शनिअर्जुन नगरपालिकाअन्तर्गत बसोबास गर्ने विपन्न परिवारमा आयआर्जन गर्ने उद्देश्यले २२ जना महिलाहरुलाई सिलाइ बुनाइ प्रशिक्षण प्रदान गरिएको छ ।

प्रशिक्षणको समापन कार्यक्रम समाजकी अध्यक्ष कमला उप्रेतीको सभापतित्व तथा नेकपा (माले) की केन्द्रीय सदस्य लीलामाया पौडेलको प्रमुख आतिथ्यमा असोज १४ गते सम्पन्न भएको छ । समाजकी सचिव प्रेमा भट्टराईले संचालन गर्नुभएको उक्त कार्यक्रममा **बाँकी ८ पेजमा**

## कन्काई नगरपालिकामा नेकपा माले



काठमाडौं । झापाको कन्काई नगरपालिकामा नेकपा मालेका राजु गौतम (नगर सचिव) को नेतृत्वमा नव नगर समिति गठन भएको छ । त्यसैगरी सोही नगरको वडा नं ५ को वडा कमिटी छत्रबहादुर चौहानको नेतृत्वमा गठन भएको छ । कार्यक्रममा लीलामाया पौडेल (केन्द्रीय सदस्य), नवराज खरेल (झापा जिल्ला सचिव), घनश्याम गुरागाईं (जिल्ला सदस्य झापा) तथा रूपनारायण न्यौपाने (जिल्ला सदस्य झापा) को विशेष उपस्थितिमा उहाँहरुलाई पार्टीको सदस्यता तथा पदीय जिम्मेवारी सुम्पिएको छ ।

## वैज्ञानिकहरूको चेतावनी

काठमाडौं । वैज्ञानिकले उच्च तापक्रमको समस्याबारे ध्यान नदिए विश्वभरिका मानिसले गम्भीर समस्या भोग्नुपर्ने चेतावनी दिएका छन् ।

वैज्ञानिकहरूले सार्वजनिक गरेको एक नाटकीय प्रतिवेदनका अनुसार विश्वको तापक्रम तीन डिग्री सेल्सियस पुग्न लागेको छ । पृथ्वी गलत बाटोमा अघि बढेको उनीहरूको विश्लेषण छ । पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसभन्दा कम राख्नुपर्ने पक्षमा वैज्ञानिकहरू छन् ।

करिब तीन वर्षको अनुसन्धानपछि वैज्ञानिकहरूले दक्षिण कोरियामा ' जलवायु परिवर्तन' सम्बन्धी प्रतिवेदन सार्वजनिक गरेको हो । जलवायु परिवर्तन तथा उच्च तापक्रमको समस्या जारी रहेका कारण विश्वमा **बाँकी ८ पेजमा**

समय-सन्दर्भ

## आश्चर्यजनक अघोर अनर्थ-१

**शिवप्रसाद दाहाल**

अहिले अं.५१ करोड १ किमि क्षेत्र भएको यस पृथ्वीमा करिब २१५ वटा देश छन् र १७०७५००० व.किमि क्षेत्र भएको सबभन्दा ठूलो देश रुस र १.८ किमि क्षेत्र एवं प्रिन्स अल्बर्ट द्वितीय नाम गरेको राजा भएको सबैभन्दा सानो देशमा ठूलोबाट सानोतर्फ गन्दा ९३ नम्बरमा पर्ने तीनतिरबाट भारतले सदैव भित्रिँदै आएको नेपालको उत्तरतर्फ चीनले भूपरिवेष्टन गरेको छ ।

सुगौली सन्धिबाट १४७१८१ किमि क्षे.मा खुम्चिएर रहेको नेपाल र भुटानभन्दा ४०० वर्ष पुरानो राजतन्त्रात्मक चोग्याल वंशे सिक्किम देशको पहिले ७२९८ व.किमि क्षेत्र थियो । नेपाललाई मिचेजस्तै सन् १९७५ मा बलजफत कब्जा गर्ने बखतमा सिक्किमको क्षेत्रफल ७०९६ व.किमि मात्र रहेछ । अहिले भारतका २२ औं प्रान्त भएको सिक्किमको २०२ व.किमि क्षेत्र कब्जा गरिसकेको रहेछ ।

वि.सं. २०३११२१२७४(सन्१९७५।४।९) मा घरको मेदिया नेपालका महन्थ ठाकुर, राजेन्द्र महतो, हृदयेश त्रिपाठी, सरतसिंह भण्डारीहरु जस्तै सिक्किमे राष्ट्रघातक काजी लेण्डुप दोर्जे, सीडी राई, केसी प्रधान, बीबी गुरुङ नरबहादुर खतिवडा आदि देशद्रोहीहरुले सम्प्रभूता सम्पन्न आफ्नो देश सिक्किम भारतलाई बेच्ने कुकर्म गरे ।

अहिले नेपाल धेरै नै साँघुरिइसकेको छ, नेपालको वास्तविक क्षेत्रफल हो १४७१८१ व.किमि । तर नामको मित्र कामको शत्रु देश भारतले उसको आधिकारिक मैप्स अक्सफोर्ड युनिभर्सिटी प्रेसमा मुद्रित सन् १९९३ वा सन् १९१५ अथवा अहिलेसम्मका एटलसमा नेपालको क्षेत्रफल १४१४०० भनेको छ । हाम्रो नेपालको क्षेत्रफल ५७८१ वकिमि घटाउने अधिकार उसलाई कसले दियो ?

झन् यही असोज १४ गते आइतबारको अन्नपूर्ण पोस्ट दैनिकको मुखपृष्ठमा 'सरकारी दस्तावेज मै घट्यो देशको क्षेत्रफल' खोइ १००१९ व.किमि भूमि शीर्षक' अनुसार अहिले नेपालको भूमि १३७१६२.०३५ व.किमि मात्र बाँकी रहेछ । भारतले आफ्ना निर्बल साना देशहरुलाई शोषण कब्जा गर्ने मत्स्य न्याय नीति उसका मालिक अंग्रेजहरुसँग र मुसलमानहरुसँग सिकेको हो ।

आततायी भारतले हाम्रो देशको क्षेत्रफल घटाएको देखेपछि प्रम बीपीको कक्षमा विदेशी भीआईपीसँगको व्यस्तता देखेर विदित गराउन पाएको थिइन् । एकैचोटि २०१७ मार्ग २३ गते जाँदा उहाँले नै भन्नुभयो- तिमी निकै पटक मेरो चेम्बरमा जिज्ञासुको रुपमा आएजस्तो लाग्थ्यो । पछि मैले उसको अक्सफोर्ड एटलस्टमा हाम्रो देशको क्षेत्रफलबाट ५७८१ व.किमि घटाइ १४१४०० व.किमि मुद्रित भएछ । यो भारतले डकैती पाराले हाम्रो भूमि जफत गर्ने रणनीति गरेको बीपीलाई विदित गराएपछि भन्नुभयो- अत्यन्त संवेदनशील राष्ट्रिय महत्वको विषय रहेछ, पण्डित **बाँकी ८ पेजमा**

## ट्राफिक र्‍यापिड स्कवाड अभियान

काठमाडौं । महानगरीय ट्राफिक महाशाखाले उपत्यकाको शान्ति सुरक्षा र ट्राफिक व्यवस्थापनलाई सहज बनाउन ट्राफिक र्‍यापिड स्कवाड अभियान कार्यान्वयनमा ल्याएको छ । अभियान अनुसार प्रत्येक दिन ५५ वटा मोटरसाइकल हुनेछन् । उपत्यकालाई दश क्षेत्रमा विभाजन गरी जनशक्ति खटाइएको छ । जसमध्ये काठमाडौं ६, भक्तपुर २ र ललितपुरमा २ सेन्टर परिचालन गरिएको छ । फ्लोसेन्ट प्याकेट लगाएर मोटरसाइकलमा हिँड्ने प्रहरीले कलमकपि क्यामरा टर्चलाइट, सञ्चारसेट बोक्नेछन् । जसले घटनाका बारेमा यावत विवरण अनुसन्धानमा सहयोग पुग्नेछ । अभियानको शुभारम्भ प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले गरेका छन् । भित्री सडकमा हुने सवारी जाम चोरीका घटना रोक्न उक्त अभियान सुरु गरिएको महाशाखा प्रमुख वसन्तकुमार पन्तको छ ।




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# झोले बनाउँदाको दशा यस्तै हुन्छ



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

देशमा प्रजातन्त्र आए सँगसँगै पेसागत समूह जस्तो शिक्षक, कर्मचारी, प्राध्यापक, डाक्टर, इन्जिनियर, उद्योगी, व्यवसायी मजदुर सबैलाई प्रजातन्त्र आयो । फलस्वरुप देशमा जति राजनीतिक दलहरु छन् तिनीहरुको भगिनी संस्था भन्दै यी पेसागत समूहले आफ्नो स्वार्थ रक्षाको खातिर विभिन्न दलहरुको झण्डा बोकी आफूहरुलाई झोले सावित गरे । यदि यही प्रवृत्ति सेना अनि प्रहरीमा पनि देखिन्थ्यो भने देशको कुन दुर्दशा हुन्थ्यो होला सजिलै अनुमान गर्न सकिन्छ । पंचायतकाल निरंकुश थियो, त्यसलाई ढाल्न निश्चय नै सबैको उत्तिकै संलग्नता चाहिन्थ्यो । तर देशमा प्रजातन्त्र आएपछि पेसागत समूह पनि राजनीतिक दलझैं विभाजित हुन पुग्नुको कारणले गर्दा नै देशमा राजनीतिक स्थायित्व नआएको हो र विकासमा पछि परेको कारण पनि हाम्रा झोला बोक्ने मात्रै राम्रा भन्दै सत्तारुढ दलहरुले व्यवहार गरेका हुँदा कुनै पनि सरकार नेपालमा सफल हुन सकेन ।

सन्दर्भ अस्थायी र राहतका शिक्षकहरुले स्थायी गरियोस् भनी गरेको आन्दोलनको हो । शिक्षा सेवा आयोगले लिने स्थायी गर्ने परीक्षामा सफल पनि हुन नसक्ने अनि आन्दोलन नै गरेका भरमा स्थायी हुन खोज्ने शिक्षकहरुले के गुणस्तरीय शिक्षा प्रदान गर्न सक्छन त ? आफैं परीक्षामा फेल हुने शिक्षकले पढाएको विद्यार्थी कस्तो होला ? अनि सरकार किन यस्ता आन्दोलनप्रति घुँडा टेक्छ ? जवाफ सजिलो छ किनकी उनीहरु सत्तारुढ दल वा विपक्षी दलको झण्डा बोक्छन । चुनावताका जुन दलको झोले हो त्यही दललाई जिताउन लागी पर्छन । कक्षामा पढाउन छोडेर दलको आमसभा र जुलुशमा सामेल हुन्छन । यसरी राजनीतिक कार्यक्रमहरुमा सामेल हुन उनीहरुलाई हौस्याउने को हो भनी प्रश्न गर्दा जवाफ तिनै सत्तारुढ र विपक्षी दल भन्ने जवाफ आउँछ । अनि यस्ताले आन्दोलन गर्दा सरकारले घुँडा नटेकेर के गरोस् ?

कुरा शिक्षकको मात्रै होइन विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघमा हुने दलगत भागबण्डाले पनि सरकारी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरीयतामाथि प्रश्न चिन्ह खडा गरेको छ । यही भएको कारणले नै देशमा निजी विद्यालयहरु मौलाएका हुन । अझ धनीमानी र उच्च मध्यमवर्गीय परिवारले त आफ्ना छोराछारीहरुलाई देशभित्र नपढाइ विदेश पढ्न पठाउँछन् र यसैको कारण करौडोको विदेशी मुद्रा देशले गुमाउनु परिरहेको छ । यस्ता जमात भोलि पढी सकेर देशमा फर्कने पनि होइनन् । अनि देश चलाउने कस्ले भन्दा बल्ल बल्ल आठ कक्षा पास गरेकाहरुले । अनि हुन्छ देशमा विकास र समृद्धि ? देशमा प्रजातन्त्र आइसकेको अवस्थामा दलका झोला बोक्ने सबै किसिमका पेसागत संघसंगठनहरुलाई खारेज गर्नु पर्दछ । पेसागत संगठनहरुले विशुद्ध रुपमा बोक्ने भनेको देशको झण्डा हो दलको होइन । पेसागत संगठनहरुलाई आफ्नो दलको झोला बोक्ने झोले बनाएकै कारण यिनीहरु देशकै लागि दशा बनेर आइरहेका छन् जुन दशाबाट देशले मुक्ति पाउने कुनै लक्षण देखिदैन । झोले बनाउँदाको दशा यस्तै हुन्छ ।

# प्रवृत्ति र पद्धतिको मेल गरौं



**जगदीश लामिछाने**
रौतहट, पौराई

राजनीतिक नेताहरुले आफैं कर्ता भनी एउटा अहं पालेका हुन्छन् । त्यसैलाई प्रवृत्ति भनौं । त्यो प्रवृत्तिमा नीति नियमको पद्धति नामको साथ दिने गरेको भए धेरैले सुख पाउने थिए । कर्ताले पनि अरुलाई असफलताको समेत कारण नसम्झिएर यही पद्धतिकै शरणमा पर्न पाउँथे । वास्तवमा सदाचारमा आफैं मात्र अघि सरे हुन्छ । जहाँ समृद्धि अर्थात् सम्पूर्णको लाभको कुरा आउँछ, त्यहाँ अरुको सहयोग नभई हुँदैन । सहयोगीहरुले आफ्नै लाभको कुरो गर्ने नै भए । यो चराचर सबैको सहयोग लिनैपर्छ । यसै कारण पद्धतिको आवश्यकता पर्छ । तपाईं नेताका उद्देश्यमा लागेर म आफैं अफगानिस्तान नागरिक भए पनि पाकिस्तान अथवा इरानमा शरणार्थी भएर जान वा मैले नचाहेको अरु दुःख पाउन नचाहने नै भयौं । यहींबाट मानव अधिकार प्रजातन्त्र, स्वतन्त्र न्यायपालिका आदि र अन्तर्राष्ट्रिय नीतिनियमहरुको आविष्कार हुने हो । यसैले प्रत्येक नेताले उनको इच्छाको प्रवृत्तिमा पुग्ने बाटो पद्धतिको रुपमा कानुन समेत विकास गरिदिनुपर्छ । यी बाटाहरु दोधारे हुनुहुँदैन । उदार भएर धर्मशास्त्रहरुमा पनि यथासक्य छुट दिनैपर्छ ।

कुनै पनि क्षेत्रमा वेश, मझौला र जता भत्क्यो उतै दैलो गर्ने मान्छेहरु हुन्छन् । ती सबैलाई डोर्‍याउन जति सजिलो पद्धतिले गर्छ त्यति प्रवृत्ति मात्रले गर्दैन । अहिले नेपालकै लिम्पियाधुरा खोई ? भनी धेरै हल्लाखल्ला भई नापी गर्ने कर्मचारीको अन्तर्वार्ता पनि लिइयो । मीनभवनको नापी कार्यालयमा फणिन्द्र नेपाल नेतृत्वमा सहयोगी सुस्ताका विस्थापितहरु साथ लिएर दिउँसै मैनबत्ती पनि बालियो । केन्द्रीय नापी विभागले चाहिँ विदेशी बसिरहेको ठाउँमा कसरी नापी गर्नु ? भनी वि.सं. २०३२ देखि हेरेर मात्र बसेका छौं भनिदिए । त्यहाँ लिपुलेखको सीमा स्तम्भ नं. १ ले २०१८ सालमै दक्षिण नेपालै हो भनेकै छ । पश्चिम पनि नेपाल र उत्तर मात्र चीन छ भनेर पन्छिन खोजे । यो कुरा ठीक भएन किनभने नापी विभागले अनुमानितै भए पनि लिम्पियाधुरा आफ्नो हो भनी देखाउनै पर्थ्यो र अहिले पनि लेखाउन सकिन्छ नक्सामै । ७२ ठाउँमा नेपाल खुँडे पारी विदेशीले खान खोजेको पनि देखाउनैपर्छ । पहिरो, खोला आदिको कारण फेरिएको भन्ने कुरा वैज्ञानिक होइन । सगरमाथाको उचाइ पनि उसबखत त्रिकोणको हिसाबले सर्भेयर एभरेस्टले नापेकै हुन् । यो तुरुन्तै गर्नु नै पर्छ । देशभर रहेका अशुद्ध नक्सा जफत गर्नु वा के गर्नुपर्छ । यो काम हाम्रो केन्द्रीय नापी विभागकै हो ।

पहिले आर्थिक लाभ टपर्टुइँयाहरुले माल, कर तथा भन्सारमा देख्थे । अहिले शिक्षित भएँ भन्नेहरु इन्जिनियर डाक्टर मात्र हैन प्राध्यापकहरु पनि रातारात कामै नगरी धनी हुन खोज्छन् । वास्तवमा यो गुरुहरुकै कमसल शिक्षाले चेलाहरुमा सरेको रोग हो । यसको कारण खोज्न नपढाइकन तलब खाने र कम पढाएर तलब खाने गुरुहरुतर्फ हेरेर सम्पूर्ण विश्वविद्यालयहरुको पढाइको हैकम नसुधार्ने हो भने आगामी दिन ज्यादै कष्टप्रद हुने देखिएको छ किनभने शिक्षा सुधार गरेपछि मात्र सबै सुधार हुन्छ । शिक्षाले मेहनती र गुणवान चेलाहरु तयार गर्नुपर्छ । कामचोर तथा बेइमान चेला बनाउन पाइँदैन । यहाँ पनि प्रवृत्तिले काम गरिरहेको छ पद्धतिको विकासै भएको छैन । मेहनती हिब्रुहरु पहिलो र दोस्रो विश्वयुद्धमा अमेरिका तथा रुसले बोरा बोरामा समेत लगेर आफ्नो देशमा वैज्ञानिक बनाउन सबै सुविधायुक्त बासस्थान र कर्मस्थान दिएकाले विश्व नै दुई खेमामा थियो । जर्मनीको नाजी सरकारले ग्यास च्याम्बरमा राखी कैयौं मारे पनि उम्किएर हिब्रुहरुको देश अरब भूमिमा इजरायल खडा भएको प्रत्यक्ष नै छ । हाम्रा संस्कृतका विद्वान यो राग मात्र अलाप्छन् । किन नेपाल संस्कृत विश्वविद्यालय हिमवत खण्डको यस्तै गौरव देखाउन सक्दैन । संस्कृत विश्वविद्यालयतर्फ पनि प्रवृत्तिमा पद्धतिकै बारबन्देज लगाउनैपर्ने र कडा रुपमा नियमित नगरे हाम्रै आयुर्वेद ज्योतिष आदि त धरासायी हुन्छन् हुन्छन् । वैदिकलाई पाखण्डी भनी इसाइकरण समेत हुनै लागेको छ ।

प्रवृत्ति र पद्धति न्याय क्षेत्रमा पनि असरल्ल परेर छुट्टिएको देख्न लागिएको छ । यहाँका श्रीमानहरु राजनीतिज्ञको चाकडी गर्न लागेको र वकिल पास भएकाहरुले मालपोतमा घूस खुवाउने र खाने गरेको देखिनु नपर्ने हो । घूस भए हार्नेलाई जित्ने र जित्नेलाई हार्ने गराउन सकिन्छ भनी न्यायको बदनाम गर्न लागेका छन् । सम्पत्तिमा न्यायको मोलमोलाई गर्नेलाई न्याय क्षेत्रमा बस्नै दिनु हुन्न । न्याय आफैं पद्धति हो । यसका नजिरहरु बाझिनु हुँदैन । प्रत्येक न्यायाधीशले श्रीमान भएर तथा वकिल प्रत्येकले न्यायाधीश भएरै छोड्छु भन्ने उद्देश्य राख्नुपर्छ । राजनीतिको प्रवृत्तिमा अहिले जस्तै अल्झनु हुँदैन । पद्धतिमै अडिएर मात्र रिटको मागमा न्याय दिनुपर्छ । आदेश दिन पाएँ भनी स्वतन्त्र र छाडा हुन न्यायलाई सुहाउँदैन । पद्धति फेला पारेरै मात्र हिमवतखण्डका स्थिति मल्ल र राम शाहका पालाका न्यायमा सुरक्षित रहन पाइन्छ । यो आलेख भर्खरै प्रकाशित अख्तियार प्रमुख नवीनकुमार घिमिरेको अन्तर्वार्ता पढेपछि तयार गरिएको हो ।

## सम्पादकीय

# सबैलाई उल्लासमय बनोस् दशैं पर्व

वर्षमा एकपल्ट आउने बडादशैं पर्व नेपालीको घर आँगनमा प्रवेश गरिसकेको छ । शक्ति स्वरूपा दुर्गादेवीको नवरात्रभरि पूजा आराधना गरेर दशमीको दिन प्रसादको रूपमा मान्यजनहरूबाट टीका, जमरा लगाई आशिर्वाद ग्रहण गर्ने धार्मिक तथा सांस्कृतिक पर्वका रूपमा दशैं पर्व मानिंदै आएको छ । दशैं पर्व सँगै मीठो खाना, राम्रो नानाको सम्बन्ध जोडिएको छ । नयाँ वस्त्र पहिरने र मासुजन्य पदार्थको खानेकुरा बढी मात्रामा उपभोग गरिने पर्वका रूपमा दशैं रहेकाले यस समयमा लत्ताकपडा र खसी, बोका, च्याङ्ग्रा, राँगाको व्यापार अत्यधिक मात्रामा हुने गरेको छ । लामो समयसम्म निष्क्रिय रहेका साना ठूला हाटबजारदेखि ठूलाठूला व्यापारिक मलहरू समेत यस बेला चलायमान हुन्छन् ।

दशैंको बेला आफन्तजनसँगको भेटघाटले बेग्लै उत्साह जगाउने गरेको छ । परदेशिएका छोराछोरी घर फर्कने साइत दशैंमा नै पर्ने गरेको छ । युवापुस्ता बाहिरिएर उजाड बनेका गाउँघरहरू एक हप्ताका लागि भए पनि गुल्जार बन्छन् । घर फर्कनेहरूलाई यातायातको साधन उपलब्ध गराउन बस कम्पनी र एयरलाइन्सहरूले पनि यस बेला राम्रो व्यापार गर्ने अवसरका रूपमा लिने गरेका छन् । स्थलमार्ग र हवाईमार्ग दुवैतर्फका व्यवसायीले यात्रुहरूसँग फुल भाडा असुल गर्ने मौका समेत दशैं हुने गरेको छ । दशैंको बेला सम्पूर्ण क्षेत्रको अर्थतन्त्र गतिशील हुने भएकाले नयाँ उत्पादनको व्यापार प्रबर्द्धन गर्नसमेत व्यापारीहरूले दशैंलाई लक्षित गर्ने गरेका छन् । त्यसैगरी चलचित्र निर्माताहरूदेखि किताब प्रकाशन गर्नेहरूसम्मले दशैंलाई शुभसाइतको रूपमा उपयोग गर्दै आएका छन् । पर्यटन क्षेत्रसमेत दशैंमा फस्टाउने गरेको छ । घुमघामको संस्कृतिमा प्रवेश गरिरहेको नेपाली समाजले दशैं पर्वलाई अवसरको रूपमा उपयोग गर्न थालेको छ ।

आध्यात्मिक, सांस्कृतिक, व्यापारिक सबै दृष्टिकोणले महत्वपूर्ण पर्वका रूपमा रहेको दशैं पर्व पैसा हुनेको लागि उत्सव र अवसर भए पनि गरिब परिवारको लागि बोझका रूपमा समेत आउने गरेको छ । बढ्दो महँगी, चरम बेरोजगारीका कारण आफ्ना छोराछोरीहरूलाई एकसरो नयाँ लुगा फेराउन र एक छाक मीठो मसिनो खुवाउन समेत समस्या पर्ने परिवार पनि थुप्रै छन् । त्यसैगरी पैसा भए पनि खाद्यान्न किन्न नपाइने र सिडिओले तोक लगाएको भरमा ५ किलो चामल मात्र किन्न पाइने ठाउँसमेत हामीसँगै रहेका छन् । गरिब घरपरिवारलाई स्थानीय तहले पहिचान गरी चाडपर्वमा सहयोग गर्ने र खाद्यान्न अभाव भएका ठाउँमा बेलैमा खाद्यान्न सर्वसुलभ पुर्‍याउने दायित्व सरकारले पूरा गर्नैपर्ने हुन्छ । प्रधानमन्त्री केपी ओलीले अब कोही पनि भोको बस्नु पर्दैन भनेर उद्घोष गर्दै आएका छन् । तदअनुरूप भोकको अन्त्य गराउने नीति तत्काल लागू गर्न आवश्यक छ ।

त्यसैगरी दशैं पर्वलाई कतिपयले सांस्कृतिक महत्व विपरीत जुवा तास खेल्ने, मदिरा सेवन गर्ने पर्वका रूपमा अपनाएर यसको धार्मिक र सांस्कृतिक महत्वलाई विकृत बनाउँदै लगेको पाइन्छ । अरूको देखासिखीमा ऋण गरेर तामझामपूर्वक दशैं मनाउने प्रचलन पनि बढ्दैछ । बूढापाकाहरूले पहिला पहिला भन्ने गर्थे- आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाइ' भनेर । त्यसैले दशैं पर्वलाई रचनात्मक रूपमा उपयोग गर्दै यसको धार्मिक सांस्कृतिक पक्ष जोगाउन फजुल खर्च नियन्त्रण गर्नैपर्ने हुन्छ । सम्पूर्ण नेपालीको साझा पर्वको रूपमा दशैं पर्व बन्न सकोस् । दुर्गा माताले सबैको कल्याण गरून् ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–१९

यसविपरीतसामूहिक विवाहजस्तो कुरा अस्तित्वमा छ भन्ने अन्दाजसम्म लगाउन मानिसहरूलाई कैयौं वर्ष लाग्यो र हालसालै मात्र यसको अस्तित्वबारे विवाद चल्न थालेको छ । त्यति गहिरिएर नहेर्ने पर्यवेक्षकहरूका लागि यो कुरा कुनै कमजोर किसिमको एकनिष्ठ विवाहको रूपमा र कतैकतै बहुपत्नी प्रथाका साथै यदाकदा पति पत्नीले एकअर्कोलाई धोका दिने चलनजस्तो लाग्न सक्छ । यी विवाह सम्बन्धहरूलाई व्यवस्थित तुल्याउने नियम पत्ता लगाउन फाइजन र होबिटले जस्तो वर्षानुवर्ष अध्ययन गर्नु आवश्यक छ ।" (उही, पेज ५५)

एङ्गेल्स महान्को अर्को महत्त्वपूर्ण भनाइ छ– "उत्पादनका साधनहरू सामाजिक सम्पत्ति बनेपछि व्यक्तिगत परिवार सामाजिक आर्थिक एकाइ बन्न छोड्नेछ । घरेलु कामधन्दा सामाजिक उद्योगको एक क्षेत्रमा परिणत हुनेछ.. .., एकनिष्ठ विवाह र वेश्यावृत्ति एकअर्कामा मिल्ने कुरा हुँदाहुँदै पनि एउटै सामाजिक परिपाटीका दुई ध्रुव हुन्, तसर्थ यिनलाई एकअर्काबाट अलग्याउन सकिँदैन ? वेश्यावृत्ति त लोप हुन्छ तर यसले आफैलाई मात्र नभएर एकनिष्ठ विवाहलाई समेत खतम नपार्ला ?" (उही, पेज ९०-९१)

'उत्पादनका साधनहरूसामूहिकीकरण भएपछि परिवारको स्वरूपमा पनि परिवर्तन हुनसक्छ ।' तर एङ्गेल्सको यी गम्भीर कुरामा जोसेफ स्टालिनको ध्यान गएन ।किनभने सन् १९१७ मा क्रान्ति सम्पन्न भएपछि त्यहाँ उत्पादनका साधनहरू (कलकारखाना, जग्गाजमिन खानी, उद्योग, फर्म आदि) सामूहिकीकरण र औद्योगिकीकरण त भए तर पारिवारिक स्वरूपचाहिँ पुरानै वा 'एकनिष्ठ विवाह' नै कायम रह्यो । लेनिन, स्टालिनकालीन समाजवाद ९० प्रतिशत मजदुर, किसान वर्गको शासन व्यवस्था भएकाले आर्थिक क्षेत्रमा नारीवर्गले स्वभावतः केही मुक्ति पाए, साथै राज्यबाट नारीवर्गका लागि केही विशेष सुविधाहरू पनि प्राप्त भए–पुरूष समान ज्याला, सुत्केरी बिदा, सुत्केरी भत्ता आदि ।यो कुरा सामन्तवादी र पुँजीवादी समाजले सयौं वर्षसम्म पनि दिन सकेको थिएन । यस अर्थमा नारीवर्गका लागिपुँजीवादी र सामन्तवादी समाजभन्दा सर्वहारावादी समाजवाद ज्यादै उच्च छ । तर सर्वहारावादी कम्युनिस्टहरूले हजारौंवर्षअगिदेखि पितृसत्तात्मक समाजमा शोषित र उत्पीडित हुँदै आएको नारी वर्गको पूर्ण मुक्तिका निम्ति उनीहरूलाई बाँधेका सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिकसाङ्लाहरू तोड्न नेतृत्व गरेन । त्यसैले सर्वहारावर्गको नेतृत्वमा नारीवर्ग मुक्त हुन सकेन । र, अन्ततः उक्त समाज व्यवस्था पितृसत्तात्मक नै रह्यो ।

स्टालिनकालीन समाजवादमा आर्थिक क्षेत्रझैँ सामाजिक क्षेत्रमा पनि आमूल परिवर्तन हुनुपर्थ्यो ।त्यहाँको 'एकनिष्ठ परिवार' को ठाउँमा आधुनिक 'सामूहिक परिवार' निर्माण गरिनुपर्थ्यो । यसो गर्दा सोभियत सामाजिक व्यवस्था स्वभावतः मातृसत्तात्मक बन्थ्यो । तब सोभियत रूस आन्तरिक र बाह्य रूपले अत्यन्तै सुदृढ र सुसङ्गठित हुने थियो । भित्री र बाहिरी कुनै पनि वैरीले त्यो फलामे किल्ला भत्काउन सक्तैनथ्यो ।वास्तवमै त्यसो गरेको भए१० रेक्टर स्केलको भूकम्पले पनिसमाज व्यवस्थाको त्यो पक्की भवन ढल्दैनथ्यो तरख्रुस्चोभको नेतृत्वमा त्यो गौरवपूर्णको भवन ०.००००१ रेक्टरको भूकम्पले पनि ध्वस्त भयो ।

**सर्वहारावादी क्रान्तिका अग्रदूत, मानव जातिका महान् सामाजिक वैज्ञानिकहरू मार्क्स–एङ्गेल्सको अन्तिम अभिलाषा पूरा गर्ने ऐतिहासिक कृति 'परिवार निजी सम्पत्ति र राज्य सत्ताको उत्पत्ति' प्रति जोसेफ स्टालिनको दृष्टि नपुग्नु विश्व कम्युनिस्ट आन्दोलन अर्थात् विश्व मानव जाति र यो धरतीकै लागि एक गम्भीर ऐतिहासिक भुल थियो ।**

**माओत्से तुङ**

चीन विश्वको सबभन्दा धेरै आवादी भएको राष्ट्र र भौगोलिक रूपले दोस्रो ठूलो मुलुक हो, जहाँ ९० प्रतिशत हान जाति र १० प्रतिशत बेबुर, म्याओ, तिब्बती, मङ्गोलियन जातिका मानिस रहन्छन् । ती जनसभ्यताको इतिहास ३५ हजार वर्ष पुरानो र आफ्नै खालको छ । विश्वका अरू मुलुकझैँ चीन पनि दासयुग र सामन्तवादी युगमा गुज्रियो । दशौं हजार वर्षसम्मको ऐतिहासिक अन्तरालमा त्यहाँका दासवर्ग र किसानवर्गले क्रमशः दास-मालिक सत्ता र सामन्ती सत्ताविरूद्ध हजारौं सङ्घर्ष र विद्रोह गर्दै आए । तर अनगन्ती जालझेल र षड्यन्त्रमा पोख्त मुठीभर शोषक वर्गले जनताका ती न्यायिक सङ्घर्ष र विद्रोहहरू निर्ममतापूर्वक कुल्चँदै आए । परिणाम, त्यहाँका परिश्रमी आमजनता सधैं दुःखको लामो श्वास फेर्दै रहे । यही भूमिमा सन् १८९३ डिसेम्बर २६ मा हुनान प्रान्तको स्याङथान सियान भन्ने ठाउँको साओसान गाउँमा एक बालकको जन्म भयो ।जुन बालक पछि गएर चिनियाँ जनताको मुक्तिदाता अध्यक्ष माओको रूपमा विश्वप्रसिद्ध भयो । उसैको नाम हो माओत्से तुङ ।


कुनै पनि महामानवको जन्म संयोग हुँदैन,बरूऊ बाँचिरहेको ऐतिहासिक परिवेसको उपज हुन्छ । माओत्सेतुङ चिनियाँ जनताकोमाग मात्र नभई विश्वकै जनताको मागअनुसार चीनको उर्वरभूमिमा जन्मिएकाएक युगपुरूष थिए । आउनुहोस्, उक्त युगपुरूषउपजको ऐतिहासिक घटनाको संक्षिप्त चर्चा गरौं ! *(क्रमशः)*


# मैले देखेको सत्सठ्ठीऔं विश्व सम्पदा : टाम्पेरेको क्याथेड्रल

सुरेन्द्र ढकाल


क्याथेड्रलभित्रको कलात्मक सिसाको झ्याल


चर्चभित्र रहेको फ्रेस्को पेन्टिङ


चर्चभित्र रहेको मृत्युको बगैंचा नामक विख्यात पेन्टिङ


चर्चको दलिनमा रहेको सर्पको चित्र


चर्चभित्रको विख्यात कला 'घाइते परी'


टाम्पेरेको क्याथेड्रल बाहिरबाट हेर्दा

उस्पेन्स्की क्याथेड्रल अवलोकन गरिसक्दा दिनको ४ बजेको थियो । यसको साथै हेलसिन्कीमा हेर्नुपर्ने कुरा अरू नभएकाले म फिनलैण्डको अर्को सहर टाम्पेरेतर्फ लागें । यो सहर फिनलैण्डको १८० किलोमिटर उत्तरमा रहेछ । म टाम्पेरे पुग्दा बेलुकाको ७ बजेको थियो । तर घाम भने हामीकहाँको दुई बजेको जस्तो थियो । रेल्वेस्टेसनबाट टाम्पेरे सहर हेर्दै जाँदा टुल्ली भन्ने ठाउँमा एउटा युथ होस्टल रहेछ । ढुंगा खोज्दा देउता मिलेजस्तो भयो । त्यहीं एक रात बिताउने निर्णय गरें । होस्टलको कमनरूमको एउटा बेड बुक गरी बेलुकी करिब आठ बजेतिर बाहिर निस्केर खाना खाए अनि होस्टलै फर्केर सुतैं । बिहान होस्टलमा ब्रेकफाष्ट गरी लागैं म टाम्पेरेको क्याथेड्रल अवलोकन गर्न ।

**टाम्पेरेको क्याथेड्रल**

यो क्याथेड्रल टाम्पेरेमा रहेको विशपको निवाशसहितको लुथेरान चर्च रहेछ । यसको क्यथेड्रलको डिजाइन लार्स सोन्क गरेका रहेछन । यस क्याथेड्रलको निर्माण सन् १९०२ देखि १९०७ को बीचमा भएको रहेछ । यो क्यथेड्रल फ्रेस्को कलाको लागि विश्व प्रख्यात रहेछ जहाँ ह्युगो सिमवेर्ग सन् १९०५।६ मा बनाएका पेन्टिङहरू राखिएको रहेछ । यी कलाहरू जुन बेला बने त्यतिखेर यसले धेरै आलोचना र विवाद झेल्नु परेको रहेछ । त्यस क्याथेड्रलमा रहेका The Wounded Angel (घाइते परी) र The Garden of Death (मृत्युको बगैंचा) नामक दुई कलाकृति हेर्नकै लागि युरोप र विश्वका विभिन्न देशबाट पर्यटकहरू आउँदा रहेछन् । सिमवेर्ग मृत्यु भनेको हाम्रो वरिपरि घुमिरहेको हुन्छ भन्ने विश्वास गर्ने हुँदा उनले कालो टोपी लगाएको अस्थिपञ्जर पनि पेन्टिङ गरेका रहेछन् । विशेष गरी क्याथेड्रलको दलिनमा रातो पृष्ठभूमिमा गरिएको मुखमा स्याउ च्यापेको पखेटासहितको सर्पोको पेन्टिङलाई पाप र भ्रष्टाचारको सूचकको रूपमा लिइँदो रहेछ ।

पाप र भ्रष्टाचारको सूचकको रूपमा रहेको यस्तो पेन्टिङलाई किन चर्चजस्तो पवित्रस्थलको दलिनमा राखेको भनेर ब्यापक विरोध भएको रहेछ । प्रार्थनाकक्षको मंच (Alter) मा राखिएको म्याग्नुस ऐन्केलको विश्वका जनजातिसम्बन्धी अर्को कलाकृति त्यस क्याथेड्रलको् आकर्षणको केन्द्र रहेछ । त्यतिखेर फिनलैण्ड रूसको अधिनमा भएको तर फिनिस जनता त्यसको विपक्ष रही स्वतन्त्रता माग गरिरहेको कारण उनीहरू आफ्नो बेग्ले पहिचान वास्तुकला अनि कलाकारिताबाट दिन चाहँदा रहेछन् । अनि यो क्याथेड्रललाई त्यसैको उदाहरण मानिदो रहेछ । यो चर्चको अर्को आकर्षण भनेको कलापूर्ण रूपबाट पेन्टिङ गरिएको झ्यालका शिशाहरू पनि पर्दा रहेछन ।

## 'छक्का पन्जा ३' रिलिज

दशैंको पहिलो दिन अर्थात घटस्थापनाको अवसर पारेर चलचित्र 'छक्का पन्जा ३' रिलिज भएको छ । आजबाट देशभरका सबैजसो पर्दामा रिलिज भएको यो चलचित्रले बिहानैबाट आक्रामक सुरुवात गरेको छ । काठमाण्डौ लगायत देशभरका अधिकांश मल्टिप्लेक्स हलमा दर्शकको उच्च चाप छ । अधिकांश हलमा बुकिङ तिब्र गतीमा भएकाले पनि दर्शकको भीड देखिएको हो । सबैजसो मल्टिप्लेक्सले यो चलचित्रलाई उच्च शो दिएका थिए । काठमाण्डौका सिंगल हलमा पनि चलचित्रले राम्रो सुरुवात गरेको छ । आज घटस्थापना भएपनि सार्वजनिक बिदा भने छैन । तर, पनि दर्शकको चलचित्रप्रतिको मोह भने गज्जबको देखिएको छ । काठमाण्डौको गोपिकृष्ण हलमा बिहानैबाट दर्शकको चाप देखियो । बिहानी शोमा गोपिकृष्णका ४ वटा पर्दा हाउसफूल थिए । काठमाण्डौ बाहिर पनि चलचित्रले आक्रामक सुरुवात गरेको छ । चितवनको क्यूएफएक्स जलमाले १० शो दिएकोमा, ७ शो सोल्ड आउट भैसकेका छन् । बिहान ८ बजेको शोमा पनि दर्शकको चाप उच्च देखिएपछि निर्देशक दिपाश्री निरौलाले आफूहरु सफल भएको बताइन् । निर्माता तथा कलाकार दीपकराज गिरीले भने('यसपटक हामीले ५० प्रतिशत बिषय र ५० प्रतिशत कमेडीमा ध्यान दिएका थियौ । दर्शकले त्यसलाई मन पराइदिनु भएको छ ।'

बलियो बिषयवस्तु

अघिल्ला दुई चलचित्रमा बिषयवस्तु भन्दा कमेडीलाई ध्यान दिएको यसको निर्माणपक्षले यसपटक भने बिषयवस्तुमा जोड दिएको छ । यसपटक सरकारी विद्यालयमा हुने राजनीति र त्यसले निम्त्याएको परिणामलाई उठान गरिएको छ ।

सरकारी विद्यालयमा हुने राजनीतिले विद्यार्थीको भविष्यलाई कसरी खेलवाड गरिरहेको छ भन्ने कथालाई चलचित्रले उठान गरेको छ । चलचित्र हेर्ने सबैले यसपटक बिषयवस्तु बलियो रहेको प्रतिक्रिया दिएका छन् । निर्देशक दिपाश्री निरौलाले भने यसपटक सबैले देखेर पनि बोल्न नसकेको बिषयलाई पर्दामा उठान गरेको प्रतिक्रिया दिइन् । दिपकराज गिरी, दीपिका प्रसाई, केदार घिमिरे, जितु नेपाल, बुद्दि तामाङ, किरण केसी लगायतका कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रमा नायिकाद्धय प्रियंका कार्की र स्वस्तिमा खड्काको साथमा नायक संजोग कोइरालाको बिशेष भूमिकि देख्न सकिन्छ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001
विश्वसनीय र भरपर्दो बैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवम् सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्वर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# "बाँसको तामा" का फाइदा



बाँसको तामा स्वास्थ्यका लागि धेरै फाइदाजनक भएको विज्ञहरुले बताएका छन् । क्यान्सर, मधुमेह, मुटु रोग, अल्सर जस्ता अनेक समस्याका लागि 'साइलेन्ट डाक्टर' को रुपमा यसलाई लिइएको छ ।

हाम्रा पाकघरमा असार महिनातिर तरकारीको रूपमा पाक्ने परिकारमध्ये एउटा हो बाँसको तामा । अंग्रेजीमा बेम्बो सुट भनिने यो परिकारलाई तामा भनिन्छ । धेरै प्रकारका बाँसको तामा सब्जीको रूपमा प्रयोग गरे पनि प्रचलित रूपमा चोयाबाँस वा जुन बाँसबाट चोया बनाउन सकिन्छ । त्यस्ता बाँसको तामा खाने गर्छौं भने परेङ (सानो प्रजातिको बाँस, जसबाट चित्रा बनाइन्छ) को तामा पनि हामी तरकारीको रूपमा खान्छौं । ठूला बाँसको तामाभन्दा साना प्रजातिका बाँसको तामा खानको निम्ति निक्कै स्वादिष्ट हुन्छ ।

यसलाई परिकारको रूपमा कसरी तयार पारिन्छ भन्ने कुरा लगभग धेरै गृहिणीहरूलाई थाहा छ । यसको ताजा टुसाबाहेक बोत्तलमा अचारको रूपमा राखेर धेरै लामो समयसम्म प्रयोग गर्न सकिन्छ। तामाको मेसो (अमिलो अचार) पनि धेरै प्रचलित अचार हो । तर आज यहाँ तामाको तरकारीबाट के-के स्वास्थ्यलाई के लाभ पुग्छ र कसरी बनाइन्छ भन्ने चर्चा गरिन्छ । बाँस अचम्मको उद्भिद हो । वनस्पति शास्त्रले यसलाई घाँसको प्रजातिमा गाभेको छ । तर स्वास्थ्यवर्धक घाँसहरूको चर्चा गर्ने हो भने बाँसलाई 'घाँसको राजा' भन्न सकिन्छ जुन नाम जापानीहरूले अगावै दिएका छन् ।

एसियामा यो प्रचलित तरकारी हो, तर अहिले पाश्चात्य देशहरूमा पनि विस्तारै विस्तारै अहिले यो तरकारी प्रचलित बन्दैछ किनकि वैज्ञानिकहरूले यो तरकारीमाथि शोध गरेपछि जुन तथ्य पत्तो लगाए, त्यो तथ्य सार्वजनिक भएपछि पाश्चात्य देशका वासिन्दाहरूको पनि यो तरकारीतर्फ चासो बढ़ेको हो । हाम्रो त यो पारम्परिक तरकारी नै हो, तर कसै-कसैले तामाको तरकारी नखाने र मन नपराउने कुरा गर्छन् ।

त्यसो गर्नु यसको स्वास्थ्यवर्धक लाभबाट वञ्चित हुनुबाहेक अरु केही होइन । वैज्ञानिकहरूको खोजपछि तिनीहरूले यसलाई 'साइलेण्ट डाक्टर' किन भनेका हुन् ? हामीले प्राचीन कालदेखि तरकारीको रूपमा खाँदै आएको तामा त साइलेण्ट डाक्टर अथवा (अबोला वैद्य) पो रहेछ । तिनीहरूले बाँसको टुसामाथि अनुसन्धान गरेपछि के-के पाए त भन्ने कुरालाई यहाँ छोटकरीमा भए पनि राख्नैपर्छ, जुन कुराले यसको स्वास्थ्यपरक लाभहरूको बारेमा बताउँछ ।

बाँसको तामामा कम क्यालोरीका तत्वहरू हुन्छन् जुन कुरालाई हामी 'छैन' -को बराबर ठान्न सक्छौं । त्यस्तै गरी यसमा अत्यन्तै कम कार्बोहाइड्रेट्स तत्वहरू हुन्छ, यसो हुनाले यो अब मधुमेहका रोगीहरूलाई पनि जच्ने परिकार भयो । अर्कोतिर, अति न्युन क्यालोरी हुनाको कारण यसले शरीरको 'फ्याट लस' वा बोसो घटाउन (सोझो अर्थमा ओजन कम गर्न) मा ठूलो सहयोग पुऱ्याउँछ । त्यस्तै गरी तामा खाद्यपरक तन्तुयुक्त हुने हुनाले यसलाई पाचकको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

जति खाए पनि यसमा क्यालोरी नहुनाले ऊर्जा दहनको अतिरिक्त परिश्रम अथवा कसरत केही गर्न आवश्यक हुँदैन । यो मुटुको निम्ति मैत्रीखाद्य हो। यसले कोलेस्ट्रोल नियन्त्रण गर्छ । लगभग १००० ग्राम तामा खाँदा केवल २.५ ग्राम (अधिकतम) चिनीको मात्रा खाएका हुन्छौं जुन अन्य कुनै पनि सागसब्जी वा फलहरूको भन्दा कम हो ।

यति कम चिनी हुने खाद्य परिकार अरु लगभग कुनै छैन । यस्तै गरी यसमा कति फ्याट हुन्छ भनेर जान्न चाहने हो भने त्यसको उत्तर हो ०.४९ ग्राम। अर्कोतिर, यसमा हुने संतृप्त वा असंतृप्त दुवै प्रकारका फ्याट वा तैलीय पदार्थ शरीरको निम्ति लाभदायक हुन्छ । यसमा फ्याट अनि सुगर पनि नगण्य रूपमा हुने हुनाले यसले कोलेस्ट्रोलको एलडीएल स्तर, लिपिड्स र बाउल फँक्शन कम गर्दछ, त्यसैले यो खाद्य परिकारलाई मुटुको स्वास्थ्यमैत्री खाद्य भनिएको छ ।

त्यस्तै गरी तामामा प्रोटिन भने उपयुक्त हुन्छ जसमा शरीरलाई चाहिने एमिनो एसिडको सबै प्रकारका मात्रा यथोचित हुन्छ जसको कारण यसले स्वास-प्रस्वासका कतिपय समस्याहरू कम गर्नमा वा निको पार्नमा ठूलो भूमिका खेल्दछ ।

फोक्सोमा फ्लेम जमेको छ भने त्यसलाई निकाल्न, खोकी लाक्दैछ भने त्यसको नियन्त्रणको निम्ति, फोक्सो सुन्निएको अवस्थामा त्यसलाई ठीक गर्न तामा उचित खाद्य परिकार हो ।

त्यस्तो राम्रो प्रोटिनको स्रोत भएको तामाले शरीरको प्रतिरोधक क्षमता पनि बढ़ाउँछ । तामामा भिटामिन बीट, भिटामिन ई र ए, नियासिन, रिबोफ्लाभिन, थियामिन र फोलेटहरू हुन्छ । त्यस्तै गरी खनिज तत्वहरूमा क्याल्सियम, म्याग्नेसियम, जिंक, सोडियम, फोस्फरस, पोटासियम, कप्पर, म्यागानिज र आइरन हुन्छ । यी भिटामिनहरू र मिनेरलहरूको उपस्थितिले यो तरकारीलाई हाम्रो इम्युन सिस्टम वा रोग प्रतिरोधक क्षमता अझ सशक्त तुल्याइदिने प्राकृतिक क्षमतावान बनाइदिएको छ । तामामा रहेको फाइटोस्टेरोल्सहरू जस्तै क्लोरोफिल, एमिलेज र फ्लोभिनहरूले शरीरमा क्यान्सर विकासलाई नष्ट गर्दछ अथवा हाम्रो शरीरमा सजिलै क्यान्सर रोगको विकास हुँदैहुँदैन ।

तामाको तरकारी खानेहरूमा क्यान्सर हुने डर कम हुन्छ र क्यान्सर विकास हुने स्थितिलाई नियन्त्रण गर्दछ । त्यस्तै गरी यो तरकारीले अल्सर र आँत वा आन्द्राका रोगहरू पनि निको पार्न सहयोग पुग्दछ । तामामा हुने रसमा एण्टि इन्फ्लेमेटरी (जलन-रोधी) र एनल्जेसिक (शारीरिक दुखाइ कम गर्ने गुण भएका) तत्वहरू पनि हुन्छ ।

पेटको दुखाइका साथै अल्सर तथा आन्द्राका घाउहरू कम हुन तामाले सहयोग पुग्दछ । यस्तै गरी तामाको रसमा यस्ता तत्वहरू पनि शोध गर्दा भेटियो कि जसले महिलाको मासिक श्राव नियमित गर्न सहयोग पुग्छ । यसमा हुने तत्वले अधिक वा न्युन मासिक श्रावलाई नियन्त्रित गर्दछ । त्यसबाहेक यसले कतिपय गाइनोकलजिकल समस्याहरू पनि नियन्त्रित गर्दछ ।

तामामा हुने एक प्रकारको तत्वले गर्भवती अवस्थाको अन्तिम महिनामा महिलालाई यथा समयमा प्रसवको निम्ति औषधिकै काम गर्छ । प्रसव समय लम्बिएर जाँदैन । तामाले यसबाहेक पिसाबघरका कतिपय समस्याहरू (पिसाबनली संकीर्ण भएको अथवा अति विस्तृत भएको अवस्थामा, स्त्री-पुरुष दुवैको) त्यसलाई सही बनाउन पनि औषधिको काम गर्छ

पाचन समस्यामा तामा उपयोगी खाद्य परिकार हो। तामाले आन्द्राका कतिपय कीराहरू पनि मार्दछ र पेटको समस्या ठीक गर्छ । झाड़ा-पखला लाग्दा र पेटमा ग्यास बढ़ेर पेट फुल्दा तामा अवश्यै खानुपर्छ। रक्तचापमा पनि तामा उपयुक्त तरकारी हो । रगतमा सोडियम (नुनजन्य पदार्थ) को मात्रा धेरै हुँदा रक्तचाप बढ़ेको हो भने पोटासियमको मात्रा धेरै हुने तामाले रक्तचाप नियन्त्रण गर्नमा सहयोग गर्दछ। यसमा हुने उच्च गुणयुक्त एण्टिएनल्जेसिक तत्वहरूले मानिसमा अवसाद वा नैराश्यता कम गर्ने, छटपटी कम गर्ने काम गर्छ भने मानसिक सक्रियता बढ़ाउने काममा पनि यसमा हुने पोटासियम र अन्य तत्वहरूले सहयोग गर्दछ।

यदि सबै गुणयुक्त कुनै पनि स्वस्थकर तरकारीको सिफारिस गर्ने हो भने तामा एक नम्बरमा आउने भयो। हामीले प्राचीन कालदेखि तरकारीको रूपमा खाँदै आएको यो तामा यति गुणकारी छ भन्ने कुरा हालै मात्र सार्वजनिक भयो र अहिले एसियालीमुलुक छोड़ेर पाश्चात्य मुलुकहरूमा पनि यो तरकारी लोकप्रिय बन्दै गइरहेको छ। यति हुँदाहुँदै पनि यसको अमिल्याइएको अचारहरू भने सबैको निम्ति सही नजच्ने हुँदा सबैले यस्ता अचारको सेवन नगरेको राम्रो हुन्छ । हड्डीसम्बन्धी कतिपय रोगमा यो तरकारी गुणकारी हुँदैन । यद्यपि हड्डीको विकास तथा निर्माणमा तामामा हुने क्याल्सियमले सहयोग पुऱ्याउँछ ।

*श्रोत स्वास्थ खबरपत्रिका ।*

# समाजसेवामा समर्पित जीवन



देश र जनताको लागी केही गरौं भन्ने पवित्र भावना र सोच लिने जमात अत्यन्तै नगन्य छ । जसरी हुन्छ रातारात करोडपति र अर्बपति बन्ने होडबाजी मात्र चलेको छ । राजनीतिज्ञ हुन, वा उद्यमी व्यवसायी नै किन नहुन ! सबै रातारात धनाढ्य बन्ने अभियानमै केन्द्रित छन् । यसको प्रभाव सबै क्षेत्रमा परिरहेको छ । देश र जनताको लागी केही गर्नुपर्छ भन्नेहरुको खडेरी नै लागेको अवस्था छ । यसका बाबजुद समाजसेवाका निम्ति अहोरात्र खटिने विवेकशिल व्यत्तित्व श्याम खड्का मेलम्ची नगरपालिको फोहोरमैला व्यवस्थापनको संयोजक हुनुहुन्छ । त्यस्तै उपभोत्ता मञ्च सिन्धुपाल्चोकको अध्यक्ष समेत रहेका खड्का संग पङ्तीकार शम्भु दंगालले कुराकानीको आधारमा तयार पारिएको सम्पादित अंश-

मजदुर, किसान र भरियाले कम्युनिष्ट मन पराउँछन् । किनकि कम्युनिष्टको उद्देश्य भनेकै उत्पिडित वर्गको सेवा गर्नु हो भन्ने आम बुझाई रहेको छ । म किसानको छोरो हुँ । सानैदेखी अनेकन हण्डर र ठक्कर खादै हुर्केको एक व्यक्ति हो म । पहिला एमाले छदा मानिसहरु एमाले भनेको गरिब पार्टी भन्थे । हुन पनि समाजमा भएका सर्वहार वर्ग एमाले तिरै थिए । पछि माओवादी आयो । यो चाही असली कम्युनिष्ट रहेछ भन्दै ती मानिसहरु माओवादीतिर लागे । म पनि माओवादीको एजेण्डाबाट प्रभावित भए । मैले बुझेको थिएँ, माओवादी असली कम्युनिष्ट हुन् । गरिब दुखीहरुको सेवा गर्छ । नारा यहि लगाएको पनि हो । सारा उत्पीडितहरु माओवादी भए, हजारौंले ज्यान गुमाए । पहिलाको एमालेले धनी वर्गको हितमा काम गर्न थालेकोले जनताले मन पराएनन् । माओवादीलाई रोजे र पहिलो पार्टी भयो । विस्तारै माओवादी पनि धनी बन्दै र धनि वर्गकै हितमा माओवादी अगाडी बढेपछि ०७० सालमा आएर खुम्चियो । अहिले लाइन मिलेकाले एमाले-माओवादी एक भएका छन् । राजनीतिक भन्दा आर्थिक र सत्तास्वार्थमा एकिकरण प्रचण्ड-ओलीले पार्टी मर्ज गराएका हुन । यो लामो समय टिक्न सक्दैन ।

सर्बहारा वर्गको हित गर्दै समाजवादबाट साम्यवादको बाटो तय गर्नु कम्युनिष्टको रणनीतिक हुनुपर्छ । यद्यपी एमाले-माओवादीमा यस्तो देखिएको छैन । प्रत्येक गाउँमा हेर्ने हो भने नेकपाका नेता कार्यकर्ता समाजको खानदानी वर्ग र बाकी मानिस भए खाने वर्गमा देखिएका छन् । कुरा सर्वहाराको गर्ने काम आफु मात्रै सम्पन्न बन्ने जुन क्रियाकलाप कम्युनिष्ट भन्नेहरुको देखिदै गएको छ, यो बडो आचर्यको रुपमा समाजले लिने गरेको छ ।

कम्युनिष्टबाट परिवर्तन र पद्दतिको आशा राखेका थिए । मैले त्यहि आशा राखेर माओवादीलाई आर्थिक, भौतिक र नैतिक समर्थन गर्दै आए । केही अधिकार प्राप्त भए पनि यसको उपभोग उनै माथिल्ला वर्ग मात्रै गर्न पाउने र कार्यान्वयन फितलो रहँदा खास उत्पिडितले त्यो अनुभुति गर्न पाएका छैनन् ।

माओवादी शसस्त्र संघर्ष र ०६२।०६३ को जनआन्दोलन पछि राजतन्त्रको अन्त्य भयो । गणतन्त्र प्राप्ती भयो । समावेशी अधिकार पनि प्राप्त भएका छन् । यी कुरा महत्वकै विषय हुन । यो प्राप्ती केवल कम्युनिष्टले मात्रै ल्याएका होइनन् । नेपाली काँग्रेसको पनि उत्तिकै योगदान रहेको छ । परन्तु कम्युनिष्टले तय गरेको बाटो यति मात्रै हो त ? यतिको लागि मात्र त्यत्रा मानिसहरुले बलिदान गर्नु पर्थ्यो त ? यावत प्रश्नहरु कम्युनिष्ट नेताहरु तर्फ तेर्सिएका छन् ।


आजकाल माओवादी लडाकु, कार्यकर्ता र तिनका परिवारले नेतृत्वलाई धिक्कारेका छन् । निश्चित स्वार्थको लागि आफ्नो सन्तानहरुले जिवन आहुती दिएको कसरी सहन सक्छन् ? आजकाल कम्युनिष्ट नेतृत्वहरु काँग्रेस भन्दा धेरै सुकिला मुकिला भएका छन् । प्राकृतिक स्रोत र साधन माथी उनिहरुले व्यत्तिगत हस्तछेप गरेर लुट मच्चाईरहेका छन् । तपाई हेर्नुस जनताको घरमा परिवर्तनको कुनै प्रकाश परेको देखिदैन । हिजो जस्तो थियो त्यस्तै उत्पिडितहरुको आँखामा छ । समावेशी, सामानुपातिक र केही अधिकारको प्रयोग फेरी पनि ठुलै नाडी भएकाले मात्रै पाएका छन् । गरिब र उत्पिडित मुकदर्शक बनेका छन् । कानुनी अधीकार निष्पक्ष रुपमा कार्यान्वयन भइदिए दिनँहु विभेद र बलत्कारको घट्ना सुन्नै पर्ने थिएन ।

कम्युनिष्टको यस्तो व्यवहारले जनता दोधारमा छन् । म आफै पनि ठुलो दोमनको भुमरीमा परेको छु । जनताले को कम्युनिष्ट, को काँग्रेस यस विचको फरक के ? यस्ता विषय खोजीरहेका छन् । अझ काँग्रेस उदार भएकोले जनतालाई सहज हुने देखिन्छ । कम्युनिष्ट अरु विरुद्ध खनिन, अलोचना गर्न र लड्न माहिर छ । काँग्रेस यसमा कमजोर छ । बरु उ आफैतिर लडिरहन्छ, आफै पछारिएको थाहा नै पाउँदैन । यस्ता विषयले जनता दोधारमा छन् । जनताले काँग्रेस र कम्युनिष्ट छुट्याउन सकेका छनन् । भुकम्प पिडितलाई एकलाख थप गर्ने, सामाजीक सुरक्षा भत्ता बढाउने लगायतको निर्णय काँग्रेसले गर्छ, अनि कम्युनिष्टले त्यसलाई कार्यान्वयन हुनबाट रोक्छ । यस्तो रवैयाबाट जनता आचर्य चकित परेका छन् । राजनीतिक भनेको सेवा हो । काँग्रेस कम्युनिष्ट सबैले भन्ने गरेको यहि हो । पुरानो पार्टी काँग्रेस हो । यसका कतिपय नेताहरु तीन चार दशकदेखी राजनीतिकम सक्रिय छन् । तर, व्यत्तिगत सम्पति जोडेको देखिदैन । स्व.सुशिल कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह जस्ता नेतालाई हेर्दा सादगी देखिन्छ । अहिले भएका काँग्रेसका थुप्रै नेताहरु पनि सादगी नै छन् । तर, सर्वहारा वर्गको नेतृत्व गर्ने कम्युनिष्ट नेताहरु करोडौंको मालिक बनेके देखिदैछ । जिल्ला स्तरका असंख्य नेताहरुका राजधानीमा बंगला छन् । यो भौतिक अवस्थाका कारण कम्युनिष्ट प्रतिको आकर्षण घटेको छ । हामी सबै यसबाट फरक मत राख्ने स्थितिमा छैनौं । मैले आहिले स्वतन्त्र पुर्वक आफ्नो विचार प्रस्तुत गरेको हु । किनकी राजनीतिक स्पेश विना जनताको सेवा असम्भव छ । म त्यस्तो अवसरको खोजीमा छु । जहाँबाट मलाई जनताको सेवा गर्ने वैधानिकता प्राप्त होस । मलाई काग्रेस कम्युनिष्ट दुवैले मन पराउँछन् । आखिर पार्टी लोकतन्त्रका लागी संगै लड्दै पनि आएका हुन । हिजो मेलम्ची नगरपालिकामा माओवादीबाट मेयरमा लडें, सम्मान जनक हार भयो । मैले मेलम्चीवासीको लागी केही गर्नु पर्छ भन्ने सोचेको थिए । तर त्यो सम्भव भएन । मेयरमा लड्दा मेरो ठुलो लगानी र पसिना त्यहाँ पोखियो । पाँच हजार जनताहरुले न्यानो माया दिएर मत जाहेर गरे । त्यसको गुन मैले तिर्नु पर्छ । काँग्रेसले अब हुने स्थानिय चुनावमा मेलम्ची नगरबाट मेयरको टिकट दिने कुरा भएको छ । म त्यहि स्पेश पर्खिरहेको छु । कम्युनिष्ट पार्टीका नेताहरुबाट म पिडित भए । मैले धेरै आर्थिक लगानी गरे पार्टी बनाउन, तर उल्टै मलाई कुनै स्पेश दिइएन । मेरो सोच भनेको राजनीतिमा स्पेश लिएर जनसेवामा लाग्ने हो । त्यो प्राप्त गर्न म पहलकदमी लिदैछु । मेरो आगामी बाटो यहि हुनेछ । मैले मेलम्ची नगरका मेयर डम्बर अर्याल संग अनुमती लिएर महत्वपुर्ण काम गर्ने योजनामा छु । मेलम्ची नगरमा ८० रोपनी जग्गा भाडामा लिएर ४० रोपनीमा फुटबल ग्राउण्ड, २० रोपनीमा बसपार्क र मेलम्ची नगरको फोहोर मैला व्यवस्थापन गर्न २० रोपनी जग्गा व्यवस्थापन गर्न मैले पहल गरिरहेको छु । मेलम्ची नगर भित्र मात्रै नभएर मैले थुप्रै समाजीक क्रियाकलापमा सरिक भई सकेको सहयोग पनि गर्दै आएको छु ।

पर्यटन

# चन्द्रागिरि हिल्स : उत्कृष्ट गन्तव्य





काठमाडौं । नेपालको चन्द्रागिरि हिल्स प्रालिलाई नेपालकै एक उत्कृष्ट पर्यटकीय गन्तव्य पुरस्कार प्रदान गरिएको छ । भारतको राजधानी नयाँदिल्लीमा शुक्रबार साँझ आयोजना गरिएको विशेष कार्यक्रममा उक्त प्रालिलाई नेपालको उत्कृष्ट पर्यटकीय गन्तव्य पुरस्कार प्रदान गरिएको हो ।

चौधौं वार्षिक अन्तर्राष्ट्रिय हस्पिटालिटी तथा ट्राभल अवार्ड कार्यक्रममा भारतका सामाजिक न्याय तथा वातावरण राज्यमन्त्री रामदास अठवाले र पर्यटन राज्यमन्त्री केजे अल्फोनले चन्द्रागिरि हिल्सका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई सो पुरस्कार प्रदान गरे ।

भारत र विश्वका अन्य उत्कृष्ट पर्यटकीय गन्तव्यका साथै सेवा क्षेत्रको पहिचान गरी पुरस्कार प्रदान गर्न भारतको डिएलके पब्लिकेसन प्रालिले वर्षेनी 'विश्व इण्डिया एण्ड एक्स्प्लोर हस्पिटालिटी ट्राभल अवार्ड' वितरण कार्यक्रमको आयोजना गर्ने गर्दछ ।

चन्द्रागिरि हिल्स पछिल्लो समयमा नेपालको मात्र नभएर भारतीय पर्यटकहरुमाझ पनि लोकप्रिय र आकर्षक पर्यटकीय गन्तव्य बनेकाले अन्तर्राष्ट्रिय स्तरको सो पुरस्कार प्रदान गरिएको उक्त पब्लिकेसनद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । सो कार्यक्रममा भारत र अरु देशका पनि केही उत्कृष्ट गन्तव्य र सेवा क्षेत्रहरुलाई पुरस्कृत गरिएको थियो ।

काठमाडौँमा पशुपतिनाथको दर्शनका लागि वर्षेनी हजारौँको संख्यामा आउने भारतीय पर्यटक चन्द्रागिरिमा भालेश्वर महादेवको दर्शनका लागि पनि जाने गरेका उक्त प्रालिका महाप्रबन्धक अभिषेकविक्रम शाहले जानकारी दिए ।

सो पुरस्कार प्राप्त गरेपछि उक्त प्रालिका अध्यक्ष ढकालले यस पुरस्कारबाट नेपालका राम्रा पर्यटकीय गन्तव्यहरुको भारत र अन्य देशमा पनि पहिचान र प्रचार हुन पुगेको बताउँदै यसले देशमा पर्यटन क्षेत्रको विकास र विस्तारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले चन्द्रागिरिलाई गरिएको यो सम्मानले नेपालमा मुक्तिनाथ, जानकी, मौलाकालिकाजस्ता अरु पनि कैयौँ हिन्दू तीर्थस्थलहरुमा पनि उत्कृष्ट धार्मिक पर्यटनको विकासका लागि पनि आधार बन्नुपर्छ भन्ने सन्देश मिलेको बताए ।

नेपालको राजनीतिक, सांस्कृतिक र धार्मिक हिसाबले ऐतिहासिक मानिने चन्द्रागिरि हिल्समा केबल कार निर्माण गरी २०७३ साउन २६ गतेबाट सेवा शुरु गरिएको हो । त्यसयता हरेक दिन दुई हजारदेखि २२ सयको संख्यामा पर्यटक त्यहाँ पुग्ने गरेका छन् ।

चन्द्रागिरि हिल्स प्रालिका जनसम्पर्क प्रमुख राजु पौडेलका अनुसार उक्त हिल्समा केबल कार चढेर गत वर्षसम्म करिब साढे सात लाख पर्यटक पुगेका थिए ।

# रोहिन्जाका कारण म्यानमार चर्चामा



विष्णु भट्टराई

म्यानमारको रखिन प्रान्तमा सन् २०१६ मा चर्किएको हिंसाका कारण साढे ७ लाख अल्पसंख्यक रोहिन्जा शरणार्थी बंगलादेश, भारत र नेपाल लगायतका मुलुकमा पुगेका छन् । रोहिन्जाको सबैभन्दा ठूलो जनसंख्या बंगलादेशमा छ । भारतमा ४० हजार रोहिन्जा प्रवेश गरेको तथ्यांक छ । तीमध्ये साढे १६ हजारले शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालयबाट शरणार्थी प्रमाणित कार्ड लिएका छन् । क्षेत्रीय सुरक्षासँग जोडिएका कारण रोहिन्जा समुदायको आगमनप्रति भारतले गम्भीर चासो देखाएको छ । भारतभित्र रोहिन्जको सवाल राजनीतिक मुद्दा बनिसकेको छ । रोहिन्जा संकट समाधानको लागि म्यान्मारमाथि अन्तर्राष्ट्रिय समुदायको दबाब बढ्दो छ । शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तले सुरक्षा सुनिश्चिततालाई शर्त बनाएर सम्मानजनक फिर्तीको विषय उठाएको छ । रोहिन्जा समस्यासँग सम्बन्धित मुख्य देश म्यान्मार र बंगलादेशबीच सन् २०१८ जनवरीमा संकट समाधान गर्ने सम्झौता भयो । रोहिन्जालाई प्रमाणित गरेर नागरिकताका लागि निवेदन दिन सक्नेमा म्यान्मार सहमत भएको थियो । म्यान्मारले प्रतिदिन ३ सयका दरले २ वर्षसम्म रोहिन्जालाई फर्काउने र बाहिरिने क्रम रोक्ने प्रतिबद्धता जनाएको थियो । तर यसको पालना म्यान्मार सरकारले गरेन । रोहिन्जाको सुरक्षालाई राष्ट्र संघले गम्भीरताका साथ उठाएपछि म्यान्मार एकाएक विश्वमा चर्चामा आएको छ ।

जुन्ता सरकारको निरंकुश शासनका विरुद्ध लडिरहँदा आङ सान सुकीले अन्तर्राष्ट्रिय नोबेल पुरस्कार पाएकी थिइन् । केही वर्षअघि तिनै नेत्री सुकीको दलले निर्वाचनमा सफलता पाएसँगै सरकार बनायो । आफ्नो दलको सरकार मात्र होइन नेत्री सुकी संवैधानिक जटिलताका कारण राज्य प्रमुख (राष्ट्रपति वा प्रधानमन्त्री) नभई सल्लाहकार चुनिइन् । उनी म्यानमारको विदेशमन्त्री हुन् । तर, पनि यतिखेर म्यानमार विवादरहित भने बन्न सकेको छैन । म्यानमार यतिखेर अर्कै विषयले चर्चामा छ ।

यस चर्चाको केन्द्रविन्दुमा अहिले पनि नेत्री सुकी नै रहेकी छन्, छुटेकी छैनन् । पहिले पहिले सुकीको पक्षमा जनमत निर्माण गर्न विश्वका प्रजातान्त्रिक मुलुकले म्यानमारको जुन्ता सरकारलाई दबाब दिन्थे । तर, अहिले सबैको तारो भएकी छन् सुकी । सुकीको पक्ष लिनेहरू नै अहिले उनकै कारण यहाँका लाखौं नागरिकले दु:ख पाइरहेको गुनासो गर्न थालेका छन् ।

देशभित्र विकराल बनेको जातीय हिंसा सुल्झाउन सुकीले आफ्नो प्रभाव र क्षमता प्रयोग नगरेको आरोप छ । नागरिक सरकार बनेको भन्दै खुसी भएका विश्वका नेता र नागरिक अधिकारकर्मी यतिवेला केही जातीय मुद्दामा सेनाको प्रत्यक्ष हस्तक्षेपबाट अवाक बनेका छन् । बहुसंख्यक बौद्धमार्गी रहेको म्यानमारमा अल्पसंख्यक जातिमाथि भइरहेका विभेद र आक्रमण सुल्झाउन सुकीले खासै पहल नगरेको मात्र होइन आफ्ना लाखौं नागरिक रातारात शरणार्थी बन्दासमेत केही बोल्न नसकेकामा विश्व समुदाय अहिले स्तब्ध छ । सैनिक शासनका कारण विश्वको राजनीतिक मानचित्रबाट अलग रहेको यो देशमा दशकौंपछि लगभग चार वर्षअघि प्रजातन्त्र पुनर्स्थापना भएको हो ।



म्यानमारमा प्रजातन्त्र ल्याउन सुकीको योगदान संसारलाई थाहै छ । तर, यतिछोटै समयमा सुकीमाथि त्यही संसारले प्रश्न गर्दैछ कि म्यानमारमा के भएको छ भनेर । किनभने यतिखेर सुकी नै म्यानमारको शासनको बागडोर सम्हाल्ने ठाउँमा छिन् । वर्ष दिनअघि अर्थात सन् २०१७ को अगस्ट २५ बाट म्यानमारको रखाइन राज्यमा अल्पसंख्यक रोहिंगा मुसलमान समुदायमाथि सैनिक दमन सुरु भयो । सो राज्य सरकारी सैनिकबाट भएको हत्या हिंसा र बलात्कारको जघन्य यातनाबाट असह्य भएपछि सात लाखभन्दा बढी रोहिंग्या मुसलमान छिमेकी देश बंगलादेशको कोक्स बजार आसपासमा शरणार्थी बन्न पुगे । आफ्नै देशको यति ठूलो जनसंख्यालाई देश बाहिर लखेटिएको वर्षदिनसम्म पनि नागरिकले न्याय पाउन सकेका छैनन् ।

यसको अपजस पनि सुकीमाथि नै गएको छ । गत अगस्ट २५ मा रोहिंग्या शरणार्थीले जुलुस निकालेर आफू स्वदेश फर्किन पाउनुपर्ने माग गरेका थिए । कोक्स बजारमा भएको प्रदर्शनमा उनीहरूले निकै नै दयनीय अवस्थामा आफूहरूले विदेशी भूमिमा वर्षदिन काट्दा पनि आफूहरूमाथि म्यानमार सरकारले दया नराखेको र स्वदेश फर्किन नपाएको भन्दै म्यानमार सरकारको कडा विरोध पनि गरेका थिए ।

तर, त्यसतर्फ सरकारको ध्यान जान सकेको छैन । दुवै देशले शरणार्थी फिर्तीका लागि भन्दै विभिन्न बैठक गरेका छन् तर उनीहरू घर फर्किने तिथि भने अझै जुरेको छैन। रोहिंगा समुदायमाथि भएको सैनिक ज्यादतीलाई लिएर संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगले सार्वजनिक गरेको प्रतिवेदनले सबैलाई झस्काएको छ । सेनाले हत्या, हिंसा, बलात्कार र आगजनी लगायतका अक्षम्य अपराध गरेको भन्दै सेनामाथि 'जातीय सफाया' को मुद्दा चलाउन सिफारिस गरेको छ । त्यति मात्र होइन आयोगले म्यानमारका सैनिक प्रमुखलाई कारबाही गर्न पनि भनेको छ । तर, सैनिकको बचाउ विदेशमन्त्री सुकीले नै गरेकी छन् ।

उनले नै ती रोहिंग्यालाई सेनाले लखेटेको नभएर आफैं भागेर विदेश गएको सरकारको दाबी छ । तर, विश्व समुदाय र राष्ट्रसंघ यो मान्न तयार छैनन् । राष्ट्रसंघले यस विषयमा स्थलगत रुपमा अनुसन्धान गर्न माग गरिरहेको छ तर सरकारले स्वीकृति दिएको छैन । शरणार्थीसम्बन्धी यो विषय अहिले विश्वव्यापी बन्दै गएको छ । यसका कारण म्यानमारको सरकार निकै आलोचित भएको छ। हालै मात्र, रोहिंग्या मुसलमानविरुद्ध भएको सैनिक दमनको समाचार संकलन गरेको आरोपमा रोयटर्स समाचार समितिका दुईजना पत्रकारलाई पक्राउ गरी जेलसजाय गरिएको छ । एकजना ३२ वर्षीय पत्रकार वा लोन र २८ वर्षीय क्यसोए ओईलाई दुई हप्ताअघि मात्र म्यानमार अदालतले सात वर्षको जेलसजाय सुनाएको छ।

ती पत्रकार पक्राउ परेको विषयमा विश्व समुदाय र राष्ट्रसंघले नै आलोचना गरेका छन् । उनीहरूलाई तत्काल रिहा गर्न दबाबमूलक कार्यक्रम पनि गरिएका छन् । सरकारी गोपनीयता कानुन उल्लंघनको आरोपमा ती पत्रकारलाई जेल हालिएको छ । तर, सुकीको यहाँ पनि अडान फितलो र आश्चर्यजनक पाइएको छ ।

विगतमा प्रेस स्वतन्त्रताको पक्षमा आवाज उठाइरहने सुकीले उल्टै आज कानुन उल्लंघन किन गरेको भनी प्रश्न गर्नु लाजमर्दो भएको छ। भियतनाममा आयोजित विश्व आर्थिक मञ्चको बैठकमा उनले भने, 'म्यानमार सरकार प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध छ ।

*(एजेन्सीहरुको सहयोगमा)*


## सूचना

नेपाल सरकार र भारत सरकारको द्विपक्षीय समझदारी अनुसार भारतीय Export – Import Bank (EXIM Bank of India) बाट प्राप्त ऋण सहयोग (Line of Credit, LoC-II) अन्तर्गत सडक उपक्षेत्र भित्र विभिन्न सडकहरुमा स्तरोन्नति कार्य भइरहेको छ । त्यस्तै LoC-III अन्तर्गत विभिन्न १७ वटा सडकहरूको स्तरोन्नति कार्यको लागि पूर्व योग्यताबाट छनोट गर्ने विधी (Prequalification process) बाट योग्य निर्माण व्यवसायीहरू छनोट भई Financial Bidding मार्फत योग्य बोलपत्रदाता छनोट गर्ने कार्य भइरहेको छ ।

यातायात क्षेत्रको विकास राष्ट्रको समष्टिगत अर्थतन्त्रको पूर्व आवश्यकता भएको र सडक उपक्षेत्रको विकास यातायात क्षेत्रको विकासमा प्रमुख भूमिका खेल्ने हुँदा सडक निर्माण तथा स्तरोन्नति कार्यसँग सम्बन्धित सबै सरोकारवालाहरूबाट सडक निर्माण प्रक्रियामा भए गरेका गतिविधिहरूको बारेमा यहाँहरुले देखे भोगेका जानकारी तथा अनुभवको आधारमा कार्यालयलाई जानकारी तथा सुझाव प्रदान गरी समग्र विकास प्रक्रियामा सहयोग गरिदिनु हुन अनुरोध छ ।

**सडक सुधार तथा विकास आयोजना**

बत्तीसपुतली, राममन्दिर मार्ग, काठमाडौं

प्रेरक प्रसंग

## मण्डेलाको महानता



दक्षिण अफ्रिकामा गोराहरुद्वारा भेदभाव गरिएका, सताइएका र अधिकारविहीन बनाइएका कालाजातिलाई मुक्त गर्न नेल्सन मण्डेलाले रंगभेद नीतिका विरुद्ध सशस्त्र आन्दोलन सुरु गरे । अफ्रिकी राष्ट्रिय कांग्रेसका अध्यक्ष रहेका मण्डेलासँग त्यहाँको गोरा सरकार सशंकित भयो । मण्डेलालाई गिरफ्तार गऱ्यो र झन्डै तीन दशकसम्म जेलमा बन्दी बनायो । मण्डेलालाई बन्दी बनाएर आन्दोलन तुहाउने गोरा शासकको षड्यन्त्र सफल भएन । मण्डेलाकै प्रेरणाले लाखौं लाख कालाजातिहरु रंगभेदविरोधी आन्दोलनमा होमिए । आखिर गोरा शासकहरुको सत्ता नै हल्लियो । मण्डेलालाई जेलमुक्त गरियो ।

तत्कालीन राष्ट्रपति क्लार्कले मण्डेलालाई राष्ट्रपति बन्न अनुरोध गरे । जवाफमा मण्डेलाले भने- मलाई युद्धको मात्र अनुभव छ । युद्ध कसरी लड्नुपर्छ भन्ने मात्र मलाई थाहा छ । शासन सत्ता कसरी चलाउने भन्नेबारेमा त तपाईं नै अनुभवी हुनुहुन्छ । मण्डेलाको महानता देखेर राष्ट्रपति क्लार्क अवाक बने । उनले भने- म तपाईंलाई सत्ता चलाउन अवश्य सहयोग गर्नेछु । म उपराष्ट्रपतिमा रहेर तपाईंलाई सहयोग गर्न चाहन्छु । मण्डेलाको त्यागले क्लार्कलाई पनि राष्ट्रपति पद त्याग गर्न प्रेरित गऱ्यो । जनताको चाहना र मागलाई सम्बोधन गर्न एक कार्यकालका लागि मात्र मण्डेला राष्ट्रपति बन्न राजी भए । राष्ट्रपति डि.क्लार्क उपराष्ट्रपति भएर दक्षिण अफ्रिकाको विकास र उन्नतिमा सहभागी भए । दक्षिण अफ्रिका अहिले समुन्नत राष्ट्र बनेको छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। घरमा सुख र समृद्धिको आगमन हुनेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। अतिथिको रूपमा सत्कार पाइनेछ। आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। काममा आफन्त र साथीभाइबाट सहयोग मिल्नेछ। सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन्।

### बृष

मिहिनेतको फलले हर्षित तुल्याउनेछ। प्रतिस्पर्धाको दौडमा विजयी भइनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। चुनौती चिर्दै रोकिएका काम सम्पादन गर्न सफल भइनेछ। स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन्। व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ।

### मिथुन

व्यावहारिक समस्याले केही योजना स्थगन हुने देखिन्छ। ईर्ष्या गर्नेहरूले सताउनेछन् भने अप्ठ्यारा परिस्थिति सुल्झाउन केही समय जुट्नुपर्ला। ढिलै भए पनि मिहिनेतको नतिजा प्राप्त हुनेछ । कामको चाप बढ्न सक्छ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। अध्ययनमा प्रगति हुनेछ। फाइदाका लागि केही समय प्रतीक्षा गर्नुपर्ला।

### कर्कट

परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। ईर्ष्या गर्नेहरूले सताए पनि मिहिनेत गर्दा सफलता मिल्नेछ। घरमा लक्ष्मी भित्र्याउन सफल भइनेछ। आजको लाभांश पछिसम्म स्थिर रहने हुँदा दिगो फाइदा हुनेछ। विशेष योजना सार्वजनिक नगर्नुहोला। साझेदारीमा भने अरूको फाइदाका लागि उपयोग भइएला।

### सिंह

छोटो समयमा राम्रो उपलब्धि हातलागी हुनेछ। स्रोत(साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले दैनिकीमा परिवर्तन आउनेछ। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ।

### कन्या

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। अभिव्यक्ति तथा लेखनकलामा पनि निखारता आउनेछ। असल विचार र बुद्धिको उपयोगले विद्या, प्रसिद्धि र धन आर्जन हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। बोलीको भरमा चिताएको काम सम्पादन हुन सक्छ। रोकिएका काम पनि सम्पादन हुनेछन्।

### तुला

तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन्। मिहिनेतले जीवनशैलीमा सुधार ल्याउनेछ। बिछोडिएका आफन्तजन भेटिनेछन्। सुन्दर पहिरनले व्यक्तित्व निखार्ने समय छ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू पनि बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम हातपार्न सफल भइनेछ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ।

### बृश्चिक

सुरुमा खर्च लागे पनि दिगो फाइदा हुने काममा लगानी गर्ने अवसर जुट्नेछ। चुनौतीहरू पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ। टाढाका साथीभाइको निम्तो प्राप्त हुनेछ भने लामो यात्राको प्रक्रिया अघि बढ्न सक्छ। लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ। शुभचिन्तकहरू समेत टाढा हुनेछन्। धेरै लगानी गर्दा कममात्र फाइदा हुनेछ।

### धनु

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। चल(अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ।

### मकर

मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। नोकरी तथा व्यवसायमा विशेष फाइदा होला। आफ्नै रुचिका विषयमा लगानी बढाउन सकिनेछ।

### कुम्भ

तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ। दिगो फाइदा हुने योजना बन्न सक्छ। आफूलाई धेरै लाभ नभए पनि सानो प्रयत्नले समाजका लागि फाइदा हुने काम बन्न सक्छ। अवसरवादीहरूबाट सजग रहँदै गोपनीयतामा ध्यान पुर्याउनुहोला। रोकिएका काम दोहोर्याउन सकिनेछ। बाध्यात्मक परिस्थितिले अलमल्याउन सक्छ।

### मीन

न्यून उपलब्धिमा चित्त बुझाउन नसकिएला। प्रतीक्षित नतिजा प्राप्त गर्न काम दोहोर्याउनुपर्ने हुनसक्छ। केही विवादास्पद जिम्मेवारी पनि वहन गर्नुपर्ला। घरेलु समस्यामा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ। शुभचिन्तकहरूको साथले कर्मयोग बलियो रहनेछ। चिताएका काममा योजना बनाएर प्रारम्भ गर्नुहोला।


नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिभुवन विमानस्थल भन्सार कार्यालय
गौचर, काठमाडौं

**निजी गुण्टा, झिटि भारी (Baggage Rule) सम्बन्धी जानकारीमूलक सूचना**

नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई नेपाल फर्कदा व्याक्तिगत प्रयोगका देहायमा उल्लेखित सबै वा कुनै मालसामान ल्याउदा भन्सार महसुल पूर्ण छुट हुनेछ

१. प्रयोग गरेका लुगाफाटा, वरबिछ्यौना, घर गृहस्थीका पुराना वस्तुहरू ।
२. औषधि उपचार गराई फर्केका बिरामीले ल्याएका औषधिहरू (चिकित्सकको सिफारिस बमोजिमका मात्र) ।
३. अशक्त यात्रुले सहाराको रूपमा प्रयोग गरेका सामान ।
४. सुनका गहना ५० ग्रामसम्म, चाँदीका गहना ५०० ग्रामसम्म र एक लाख रूपैया मुल्यसम्मको जवाहरात जडित सुनका वा चाँदीका गहना गुरिया तर विदेशबाट फर्केका यात्रुले आफ्नो साथमा ल्याएको १०० ग्रामसम्मको काँचो सुनमा देहाय बमोजिमको भन्सार महशुल लाग्नेछ ।
   १. पहिलो पचास ग्रामसम्म प्रति दश ग्रामको पाँच हजार दुई सय रूपैया
   २. पचास ग्रामभन्दा बढी थप पचास ग्राममा प्रति दशग्रामको छ हजार दुई सय रूपैया (यसभन्दा बढी यस्ता गहना र कुनै पनि काँचो सुन तथा चाँदी ल्याएमा पुरै जफत गरी कानून बमोजिम कारबाही गरिने छ ।)
५. ट्याव्लेट वा ल्यापटप वा कम्प्युटर, घडी, क्यामरा, भिडियो क्यामरा, सेलुलर मोवाइल फोन र पेन ड्राइभ एक/एक थान ।
६. बच्चा राख्ने परामबुलेटर र ट्राइसाइकल एक/एक थान ।
७. खाद्य परिकारहरू ७ किलोग्रामसम्म ।
८. मदिरा १ लिटर सम्मको एक वोत्तल । (यसभन्दा बढी ल्यएमा जफत गरिने छ ।)
९. पेशागत यात्रुले प्रयोग गरी ल्याएको सामान्य प्रकारका सामानहरू एक एक थान (जस्तै डाक्टरका लागी ब्लड प्रेसर नाप्ने सामान्य यन्त्र, स्टेथेस्कोप, खेलाडीको खेलकुद सम्बन्धी सामान एक एक थान जस्तैः फुटवल, भलिबल, बैडमिन्टन सेट, गायकका सामान्य बाजा जस्तैः गितार, हार्मोनियम, तवला जस्ता सामानहरू एक/एक थान) ।
१०. श्रम स्वीकृती लिई बैदेशिक रोजगारमा गई नेपालबाट अन्तिम पटक प्रस्थान गरेको मितिले लगातार बाह्र महिना काम गरी आउने यात्रुले ३२ इन्च सम्मको जुनसुकै ब्राण्डको टेलिभिजन एक थान ।


## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Lucid = सजिलै बुझ्न सकिने He is an excellent teacher, he gives such a lucid explanation that even a child can grasp is very well (उनी एउटा राम्रा शिक्षक हुन्, उनले दिएको उदाहरण एक बालकले समेत सजिलै बुझ्न सक्छ)

Mutinous= अशान्त विद्रोही The soldiers became mutinous as the government decided to curtail their benfit (सरकारले सेनाले पाउँदै आएका सुविधा घटाउने निर्णय गरेको कारण सिपाहीहरू विद्रोही बन्न पुगे)

Nonplus = नसोचेको ब्यवहार प्रदर्शन गरी अरूलाई बोल्न नसक्ने पारिदिनु His dealing full of rudeness nonplussed all the invities joining the party -उसको छुद्र ब्यवहारले भोजमा आएका सबैलाई बोल्नु न नबोल्नु पारिदियो)

Nondescript = खुट्याउन नसक्ने साधारण Being a nondescript, nobody believes that he could be a detective (सादा किसिमले आफूलाई प्रस्तुत गर्ने हुँदा ऊ जासुस होला भनेर कसैले विश्वास गर्दैनन्)

Outskirts = शहरभन्दा बाहिर As he lives on the outskirts he is not much aware of the activities carried-out in the city center (शहरभन्दा बाहिरफेर बस्ने हुँदा शहरमा भएका क्रियाकलापप्रति ऊ अनभिज्ञ छ)

Porous= प्वाल भएको Dancers prefer to wear porous clothing for easy paasage of air during dancing (नाच्दाखेरि शरीरमा हावा खेल्न पाई छिट्टै पसिसना नआउने हुँदा नर्तकीहरू प्वाल भएको लुगा लगाउन मनपराउँछन्)

Quarantine = रोग सर्ला भनी छुट्टै राख्ने नियम The quarantine operating in the frontier did not allow the import of infected buffaloes (सीमामा रहेको रोगी वस्तु जाँच गर्ने कार्यालयले रोगी राँगाहरूको आयातलाई अनुमति दिएन)

Rusticate = गाउँतिर पठाइदिनु As they are very much fond of the city life I do not think that they can rusticate easily (शहरमा बस्न मनपराउने भएको हुँदा तिनीहरू गाउँमा वसाइ सर्लान भन्ने मलाई लाग्दैन)

Stigma = लज्जाजनक अनूभुति There is less stigma attached to corruption now than there used to be (पहिले भ्रष्टाचारभन्दा जति लज्जाजनक मानिन्थ्यो आजकाल मानिँदैन)

Tureen = सुप, झोल खाने गहिरो कचौरा Chinese people serve soup in porcelain tureen (चिनियाहरूले चिनिया माटोले बनेको गहिरो कचौरामा सूप दिन्छन्)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

वैज्ञानिकका अनुसार एक युगको कति वर्ष हुन्छ ?
- ४३,२०,०००

सन् १९८७ मा भौतिक विज्ञानमा नोबेल पुरस्कार पाउने देश कुन हो ?
- स्विटजरल्यान्ड

प्रकाशको वेग नाप्ने सर्वप्रथम व्यक्ति को हुन् ?
- रोमर

भारतमा निर्मित पहिलो कम्प्युटर कुन हो ?
- सिद्धार्थ

रेडान भनेको के हो ?
- आदर्श ग्यास

कृत्रिम जीनका आविष्कारक को हुन् ?
- डा.हरगोविन्द खुराना

कुन चाहिँ द्रव्य जम्यो भने शिशाको रूप लिन्छ ?
- पालिवाटर

मानव शरीरमा सबभन्दा ठूलो ग्रन्थी कुन हो ?
- यकृत

दालमा सर्वाधिक मात्रामा के हुन्छ ?
- प्रोटिन

बिरूवा वृद्धिको लागि सबभन्दा राम्रो माटो कुन हो ?
- लोम

कुकुरलाई कुन ठाउँमा पसिना आउँछ ?
- जिभ्रो

नाइजिरियाको राजधानीको नाम के हो ?
- लैगोस

## Take बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Take something in = बुझ्नु I hope you are taking in what I am saying मैले भनिरहेको कुरा तिमीले बुझिरहको छौ भन्ने आशा गर्छु ।

Take off = भुइँ छाडनु, उड्नु Do you know at what time the plane for Hongkong takes off तिमीलाई थाहा छ हङकङ जाने प्लेन कतिखेर उड्छ ?

Take off = बजार लिनु Every new product requires certain period to take off हरेक नयाँ वस्तुले बजार लिन निश्चत समय लाग्छ ।

Take somebody off = नक्कल गर्नु He is expert in taking politicians very well off उसले नेताहरुको दुरुस्तै नक्कल गर्छ ।

Take something off = फुकाल्नु Take your hat off ! टोपी फुकाल ।

Take something off = खौरनु You look beautiful if you take off your beard दाह्री खौर्‍यौ भने सुन्दर देखिन्छौ ।

Take something off = रद्य हुनु The show took off because of the absence of the audiences दर्शकको अभावमा सिनेमाको प्रदर्शन रद्य भयो

Take off = विदा लिनु I am taking off one day next week अर्को हप्ता म एक दिन विदा लिँदैछु ।

Take somebody off something = बचाउनु । उद्धार गर्नु The crew of the wrecked ship were taken off by the helicopter दुघर्टनामा परेको पानी जहाजका चालक दललाई हेलिकोप्टरले उद्धार गऱ्यो ।

Take off = नचल्नु His leg above the knee doesnot take off उसको घुँडाभन्दा माथिको भाग चल्दैन ।

## सुडोकु-अंक १२२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ७ | | १ | | २ | | |
| ५ | | ६ | | | | ३ | | |
| ३ | | | | ९ | | | | ६ |
| | ४ | ३ | | | | ९ | २ | |
| | | | ८ | | ३ | | | |
| | ७ | ५ | | | | ६ | १ | |
| ७ | | | | ५ | | | | २ |
| २ | | ९ | | | | ४ | | ५ |
| | | ८ | | २ | | १ | | |

## अंक १२१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ८ | ६ | ४ | ५ | ९ | २ | १ | ३ |
| ५ | ९ | ३ | २ | ८ | १ | ६ | ४ | ७ |
| २ | ४ | १ | ६ | ३ | ७ | ९ | ८ | ५ |
| ६ | ५ | २ | ९ | १ | ४ | ३ | ७ | ८ |
| ४ | १ | ८ | ७ | २ | ३ | ५ | ६ | ९ |
| ९ | ३ | ७ | ५ | ६ | ८ | ४ | २ | १ |
| ८ | ६ | ५ | १ | ९ | २ | ७ | ३ | ४ |
| १ | २ | ४ | ३ | ७ | ५ | ८ | ९ | ६ |
| ३ | ७ | ९ | ८ | ४ | ६ | १ | ५ | २ |











# काभ्रे समूह विकास र दीगोपना सम्बन्धी महिलाहरुलाई तालिम

बाल विकास समाजले Friends of Nepal Adelaide Inc.-Australia को सहयोगमा काभ्रे जिल्ला पाँचखाल नगरपालिकामा संचालन गरेको स्वरोजगार शिक्षा कार्यक्रम अन्तर्गतका महिला समूहहरुका नेतृत्वकर्ताहरु र समूह व्यवस्थापन समितिलाई १ दिने तालिम सम्पन्न भएको छ । “महिला स्वरोजगार : बाल विकासको पूर्वाधार” भन्ने नाराका साथ संचालित यस कार्यक्रम अन्तर्गतका ७ वटा महिला समूहका अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरु तथा समूह व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरुलाई समूह विकास र दीगोपनाका सम्बन्धी तालिम गरिएको हो ।

निरक्षर तथा सामान्य साक्षर, आर्थिक रुपले पछाडि परेका तथा विपन्न वर्गका महिलाहरुको साक्षरतासँगै आर्थिक रुपमा समेत सशक्तिकरण गर्ने उद्देश्यका साथ यस कार्यक्रम संचालन भइरहेको हो । विशेषत: दनुवार समुदायका महिला सशक्तिकरण गरी बालबालिकाको अधिकार सुनिश्चित गर्न आमाहरुलाई सक्षम बनाउने यस कार्यक्रमको लक्ष्य रहेको छ । संस्थाले कार्यक्रम समापन गरे पछि पनि उक्त महिला समूहहरु उक्त समुदायमा नै संचालन भइरहने छन् । सो समयमा पनि समूह व्यवस्थापन समितिका सदस्यको सहयोग भइरहने छ भने समूहका सबै सदस्यहरु सक्रिय भइ समूह तथा साना व्यवसायलाई संचालन गरिरहने छन् ।


२८ जनाको सहभागिता रहेको उक्त तालिममा आफ्नो समूहको हालसम्मको प्रगतिका बारेमा संक्षिप्त रुपमा छलफल गरिएको थिया ।

समुदायमा समूहले संचालन गरेको व्यवसाय तथा व्यवसाय गर्नु अघि संभाव्यता अध्ययन गर्नु पर्ने, व्यवसाय विष्लेषण, व्यवसायका लागि समूहले पुऱ्याउनुपर्ने तरिका, सहयोग र सम्बन्ध विस्तार, समूहलाई आत्मनिर्भर बनाउने उपाय, बैठक संचालन, बजार व्यवस्थापन, माइन्यूट तथा खाता व्यवस्थापन जस्ता विषयहरू समेटिएको थियो । तालिमको संचालन बाल विकास समाजका कार्यक्रम व्यवस्थापक प्रदिपकुमार श्रेष्ठबाट भएको थियो भने सहयो तथा व्यवस्थापनको कार्य कार्यक्रम सुपरभाइजर दिपेन्द्र पराजुलीबाट भएको थियो । बालबालिकाको अवस्था, उनीहरुको पढाइको अवस्था र उनीहरुको संरक्षण र अधिकार पूरा गर्नका लागि अभिभावकको दायित्वका र भूमिकाको बारेमा समेत छलफल गरिएको थियो । समूहलाई नेतृत्व गरी दीगो रुपमा कार्य गर्न उत्प्रेरणा जगाउँदै आगामी दिनमा सहयोग गर्नका लागि समूह व्यवस्थापन समितिका सदस्यहरु प्रतिवद्ध भएका छन् ।

## बालबालिकालाई छात्रवृत्ति

बाल विकास समाजले छात्रवृत्ति कार्यक्रम अन्तर्गत विपन्न वर्गका परिवारका तथा विविधखाले सुविधाबाट वञ्चित बालबालिकाहरुलाई औपचारिक शिक्षाको अवसर प्रदान गर्नका निमित्त आंसिक तथा निरन्तर छात्रवृत्ति सहयोग उपलब्ध गराइन्छ । सबै बालबालिकाहरुलाई शैक्षिक अधिकारको प्रत्याभूत सहित शिक्षाको पूर्ण अवसर दिनु राज्यको दायित्व हो । तथापि राज्यले आफ्नो दायित्व सही रुपमा पूरा गर्न सकिराखेको अवस्था छैन । यसै परिपेक्ष्यमा उक्त कार्यलाई टेवा पुऱ्याउँदै अभिभावकलाई सही अभिभावकत्ववहनप्रति सशक्तिकरण गराउने र बालबालिकाहरुलाई शैक्षिक अवसर दिने उद्देश्यले यस समाजले वि.स.२०५४ सालदेखि औपचारिक शिक्षाका लागि छात्रवृत्ति कार्यक्रम सुरु गरेको हो । “सबैका लागि शिक्षा”भन्ने नेपाल सरकारको नीतिलाई सार्थक तुल्याउनका लागि यस कार्यक्रमले सहयोग पुऱ्याउने लक्ष्य संस्थाले लिएको छ ।

छात्रवृत्ति कार्यक्रम अन्तर्गत शैक्षिकवर्ष २०७५ मा २ वटा जिल्लाका १४ वटा सामुदायिक विद्यालयमा अध्ययन गर्ने १३८ जना विपन्न वर्गका बालबालिकाहरुले औचारिक शिक्षा हासिल गर्ने अवसर पाइराखेका छन् । हाल यस कार्यक्रममा ५७ जना छात्रबृत्ति प्रदायकहरु रहेका छन् । यसै क्रममा बाल विकास समाजका शुभचिन्तक श्री बासुदेव दाहाल र श्रीमती विनादाहालले छात्रबृत्ति कार्यक्रम अन्तर्गत २ जना बालिकाहरुलाई छात्रबृत्ति दिने निर्णय अनुरुप सबै प्रकृया पुऱ्याई जनकल्याण उ माविमा अध्ययनरत २ जना बाललिकालाई छनौट गरीयो र बालिकाको परिवारसंग भेटीबिस्तृत रुपमा छलफल गरियो र बालिकाको विस्तृत




विवरण खुल्ने गरी फाराम भरीयो र छात्रबृत्ति प्रदायक बासुदेव दाहाल र विना दाहालले बालिका तथा उनीहरुको अभिभावकलाई भेटी छलफल गरी दुबैजना बालिकालाई १० बर्षको लागि छात्रबृत्ति प्रदान गर्नुभयो । उक्त बालिकाको लागि व्याग, कपि, पेन्सिल, ईरेजर र ड्रेस पनि वितरण गर्नु भएको थियो । बालबालिकालाई छात्रबृत्ति दिएपश्चात बाल विकास समाजको तर्फबाट प्रत्येक २ महिनामा विद्यालय भ्रमण गर्ने र बालबालिका नियमीत बिद्यालय गए नगएको अनुगमन गर्ने, बालबालिकाको पढाईको बारेमाकक्षाशिक्षकवाप्रधानाध्यापकसंग छलफल गर्ने वाप्रत्येक ३ महिनामाअभिभावक भेला गरी बालबालिकाको शिक्षा र स्वास्थ्यप्रति अभिभावकको भुमिकाबारेमा छलफल गर्ने गरिन्छ । साथै बालबालिकाको त्रैमासिक परिक्षाको नतिजा संकलन गरी छात्रबृत्ति प्रदायकलाई रिपोर्ट सहित पेश गर्ने बालबालिकाको प्रगतिविवरण सहित केश स्टडी लेख्ने प्रत्येक ३ महिनामा अभिभावक भेला गरी बालबालिकाको पढाईको बारेमा र उनीहरुमा आएको परिर्बतनको बारेमा जानकारी दिने गरिन्छ ।

**प्रस्तुती : प्रदिपकुमार श्रेष्ठ**

बाँकी ८ पेजमा



## स्काइवाक...

सगरमाथा र बुद्धको देश भनेजस्तो दक्षिण एसियाकै पहिलो स्काइटावरको परिचय पाउने दाबी गरेका छन् । सो कम्पनीले नेपालका विभिन्न दश स्थानमा स्काइवाकको निर्माण र सम्भावनाबारे अध्ययन गरी कमलादीलाई रोजेको हो । उक्त टावर १०० मिटरको हुनेछ भने त्यहाँ सुविधा सम्पन्न पार्कसहितको व्यावसायिक कम्प्लेक्स निर्माण गरिने अध्यक्ष पोखरेलको भनाइ छ ।

## लोकतन्त्रको...

लड्ने उनको इच्छा प्रस्ट देखिन्छ । उनले फेसबुकमा गौतमले लेखेका छन्- तपाईंले गरेको त्यागप्रति उँचो राख्न र तपाईंले मप्रति देखाउनुभएको विश्वासलाई कायम राख्न कुनै कसर बाँकी राख्ने छैन । पार्टीले हामीलाई भूमिका र जिम्मेवारी जेजस्ता दिए पनि जनताको काममा सधैं सँगै रहन्छौं । सांसद बनेरै छोड्ने वामदेवको उत्कट अभिलाषाले नेकपाभित्र तरङ्ग उत्पन्न गरेको छ । वामदेवलाई सांसद बनाउने भए नारायणकाजी श्रेष्ठलाई चाहिँ किन नबनाउने तर्क अघि सारिएको छ । गत निर्वाचनमा तत्कालीन माओवादी केन्द्रका उम्मेदवार बनेका श्रेष्ठ गोर्खामा नयाँ शक्तिका डा.बाबुराम भट्टराईसँग पराजित भएका थिए । वरिष्ठ नेताहरुमा वामदेव र नारायणकाजी मात्र संसद बाहिर छन् । वामदेवलाई उपनिर्वाचनमा उठाउने विषयमा पूर्व एमालेभित्रै विरोधका स्वरहरु उठ्न थालेका छन् । भीम रावल, ईश्वर पोखरेल जस्ता नेताहरुले सामाजिक सञ्जालमा सांकेतिक विरोध जनाइसकेका छन् । नेता रावलले विधि प्रक्रिया र राष्ट्रिय हितबारे स्थायी समिति बैठकमा छलफल आवश्यक छ । राष्ट्रिय र पार्टी जीवनमा दीर्घकालीन प्रभाव पार्ने विषयमा छलफलबिना निहित स्वार्थ र आवेगले निष्कर्ष निकाल्ने काम कतै नहोस भनेर सामाजिक सञ्जालको वालमा लेखेका छन् । त्यस्तै नेता ईश्वर पोखरेलले पनि 'प्राप्त भएको उचाइसँगै चुनौती पनि प्रकट हुन सक्छन् भन्ने कुरा यतिबेला हेक्का राख्न जरुरी छ' भन्दै फेसबुकबाटै सांकेतिक असन्तुष्टि व्यक्त गरेका छन् ।

नेकपाका अध्यक्ष प्रचण्डले एक कार्यक्रममा बोल्दै सिट गुम्ने गरी वामदेवलाई हुँदैन ढुक्क हुनुहोस् । पार्टीले त्यस्तो निर्णय गरेको छैन भन्दै ७ नं. क्षेत्रमा गौतमलाई उठाइए पराजय व्यहोर्नु पर्ने भय सार्वजनिक गरेका छन् । नेकपाका वरिष्ठ नेताहरु माधवकुमार नेपाल, झलनाथ खनालले भने कुनै प्रतिक्रिया सार्वजनिक गरेका छैनन् । तर पार्टीले गौतमलाई उपनिर्वाचनमा लडाए दुवै नेताले समर्थन गर्ने नेकपा सूत्रले बताएको छ । विशेषत: दोस्रो दर्जाका नेताहरुले गौतमको सम्भावित उम्मेदवारीप्रति असन्तुष्टि जनाइरहेका छन् । एमाले र माओवादी केन्द्र मिलेर गत जेठमा बनेको नेकपाभित्र गौतमको उपनिर्वाचन लड्ने लहडले ठूलै खैलाबैला मच्चाइरहेको छ । नेकपाभित्र गुट उपगुटको अन्त्य नभएको र त्यहाँ मानसिक विभाजन रहेको प्रस्ट देखिएको छ । अनायस रामवीर मानन्धर सांसदबाट राजीनामा दिने उद्घोषको कारण समेत नेकपाभित्र खोजी भइरहेको छ ।

काठमाडौं ७ मा उपनिर्वाचन गर्दा निर्वाचन आयोग सुरक्षा निकायको खर्च मात्रै १० करोडभन्दा बढी हुने देखिएको छ । उम्मेदवारले गर्ने खर्च छुट्टै छ । झन् गौतमले त एक अर्ब खर्च गर्ने भनेको सार्वजनिक भएको छ । त्यति धेरै रकम गौतमसँग जब सञ्चित छ भने त्यो कहाँबाट आयो भनेर अख्तियारले उनलाई पक्रनु पर्ने हो । तर भ्रष्टहरुको बोलवाला रहेको यो मुलुकमा नवीन घिमिरे निम्छरा देखिनु स्वाभाविक छ । गत मंसिरमा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन खर्चको अनुपात हेर्दा प्रतिनिधि सभाको एउटा निर्वाचन क्षेत्रमा १० करोड खर्च भएको थियो । उपनिर्वाचनमा दश प्रतिशत खर्च बढ्न सकेन । निर्वाचन आयोगको भनाइ छ । मूल्यवृद्धिका कारण अबको निर्वाचन खर्च बढ्ने देखिएको हो । प्रदेश सभादेखि वडासम्म २५ स्थानमा निर्वाचन आयोगले उपनिर्वाचन गर्नुपर्ने अवस्था छ । आर्थिक मितव्ययिताको नारा लगाउने सरकारले अनाहकमा काठमाडौं ७ मा उपनिर्वाचन गरएर राज्यकोषको दोहन गर्नु कतिसम्म जायज विषय हो ? मतादेशको अपमान गर्नु लोकतन्त्रको उपहास गर्नु हो भने एउटा व्यक्तिका लागि उपनिर्वाचन गराइनु सर्वसत्तावादको अभ्यास हो ।

## महँगो...

अहिल्यै १ सय ५० प्रतिकेजी पुगेको काउलीको मूल्य अब तीन चार दिनमा दोब्बर बढ्ने निश्चित छ । सलादका रुपमा प्रयोग गरिने हरियो काँक्रा, अचार बनाउने पाकेको काँक्राको मूल्य तीन गुणा बढेको छ । हरिया तरकारीहरु रामतोरिया, घिरौला, बोडी, सिमी, लौका, करेला, परवलको मूल्य दुई गुणा वृद्धि गरिएको छ । खुर्सानी रातो/हरियो, अदुवा, लसुन, प्याज सबैको मूल्य बढाइएको छ । मासुलाई नभइनहुने मसलाको पनि दाम वृद्धि गरिएको छ । फलफूल बजार पनि सर्वसाधारणको पहुँचभन्दा बाहिर पुगेको छ । स्याउ, केरा, अम्बा, मेवा लगायतका फलफूलको मूल्य दुई गुणासम्म बढाइएको छ । ड्राइफुडको मूल्य त तीन सय प्रतिशतसम्म बढेको छ । बदाम, किसमिस काजुमा त सामान्य आम्दानी भएकाले चाख्न पनि नसक्ने गरी भाउ बढाइएको छ । विधिगत रुपमा दशैं सुरु भएको तीन दिनमै यसरी मूल्य अकासिएपछि बाँकी दिनमा कस्तो होला बजार ? तरकारीहरुको उत्पादन वर्षा र असिनाका कारण कम उत्पादन भएकाले भारतबाट आयात गर्नु परेको र मूल्य बढेको व्यापारीहरु तर्क गर्छन् । तर यही उत्पादन हुने रायो, तोरी, गान्टेमुला चम्सुर, पालुङलो मेथी जस्ता सागहरुको समेत मूल्य दोब्बर बढाइएको छ ।

भान्सा महँगिएपछि सर्वसाधारण नागरिकको दैनिकी कष्टकर बन्दै गइरहेको छ । दुई चार स्थानमा सहुलियत पसल राखिदिएर सरकार आफ्नो उत्तरदायित्वबाट पछि हटेको अवस्था छ । सुपथ मूल्य पसल पनि नाम मात्रैका छन् । ५।१० रुपैयाँ छुटका सुपथ मूल्य पसल पुग्न गाडी चढेरै जानुपर्छ । यातायातको भाडा वृद्धिका कारण सरकारले दिएको छुट कुनै अर्थ राख्दैन । बजार अनियन्त्रित त छ नै व्यापारीहरुले म्याद गुज्रेका अखाद्य वस्तुहरु समेत दशैंको मौका पारेर बेचिरहेका छन् । बेसारमा आँटाको धूलो, मसलामा काठको धुलो, घिउमा डाल्डा मिसाएर व्यापारीहरु मालामाल भइरहेका छन् । मिठाइमा अखाद्य रंग मिसाएर उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड भइरहेको छ । त्यस्ता अखाद्य वस्तुको बिक्री वितरणमा रोक लगाउन सम्बन्धित निकाय सकिरहेको छैन । बेला बेलामा बजार अनुगमनको नाटक गर्नुबाहेक सरकारले अराजक बजारलाई नियन्त्रण गर्न सकेको छैन ।

दशैंका निम्ति खसी बोका भारतबाट आयात गरिएका छन् । गत वर्षको तुलनामा प्रतिकेजी सयदेखि दुई सयसम्म मासुको मूल्य बढाइएको छ । नेपाल मासुमा समेत आत्मनिर्भर छैन । भेडा च्याङ्ग्रा चीनबाट आयात गरिएको छ । तिनको मूल्य झन् खसी बोकाको मूल्यको तुलनामा दोब्बर वृद्धि गरिएको छ । दशैंमा जडीबुटी खाएको च्याङ्ग्रा खाने उपभोक्ताहरुको रहर उडायो सपना सबै हुरीले जस्तै भएको छ । सर्वसाधारण जनताले ब्रोइलर कुखुराका मासुमै दशैंको आनन्द लिनुको विकल्प छैन । खाद्य संस्थानले ल्याउने खसी बोका भेडा च्याङ्ग्रा मन्त्रीहरु उच्च पदस्थ सरकारी अधिकारीहरु सेना र प्रहरीमा मात्र पुग्ने गर्छन् ।

## वनस्थलीमा...

माओवादी एजेन्डामा केपी सहमत भएका कारण उनको राष्ट्रवाद कस्तो रहेछ भन्ने प्रस्ट भएको बताउनुभयो । मैनालीले सबै जातजातिलाई संविधानमा लेखेर पहिचान दिने सरकारको मिसनले राष्ट्रियता कमजोर बन्ने बताउनुभयो । भारतले अतिक्रमण गरेका नेपाली भूमि र चीन भारत मिलेर व्यापारिक नाका बनाउन खोजेको लिपुलेकबारे ओली सरकार एक शब्द नबोल्नु र नेपालको नक्सा र निसान छापबाट कालापानी लिपुलेक हटाउने षड्यन्त्रबारे सरकार बेखबर रहनुले सरकार कसको निर्देशनमा कहाँबाट चल्दैछ भनेर महासचिव मैनालीले प्रश्न गर्नुभयो ।

मुलुकभर हत्या हिंसा बढेको, बालिकादेखि वृद्धासम्म बलात्कृत भएका र कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटनाका अपराधी ढाकछोप गर्न प्रहरी प्रशासन नै लागेको घटनाले सरकारको गृह प्रशासन निकम्मा सावित भएको मैनालीले बताउनुभयो । यसैगरी बढ्दो महँगी, भ्रष्टाचार र करको बोझले जनता थिचेर कस्तो खालको सुशासन सरकारले दिन खोजेको भन्दै उहाँले प्रश्न उठाउनुभयो । महासचिव मैनालीले नेकपा माले यिनै जल्दाबल्दा समस्या लिएर जनतासँग प्रत्यक्ष संवाद गर्न आएको भन्दै भोलिका दिनमा सम्पूर्ण देशभक्त शक्तिहरु एकै ठाउँ उभिएर मुलुकको सार्वभौमको रक्षा गर्न जरुरी भएको बताउनुभयो ।

कार्यक्रममा मालेका पोलिटब्युरो सदस्य कुमार श्रेष्ठले सम्बोधन गर्दै सरकारको नालायकी पनको भण्डाफोर गर्नुभयो । सिद्धि महर्जनको अध्यक्षतामा सम्पन्न जनसभामा तेजेन्द्र प्रसाईंले स्वागत मन्तव्य राख्नुभएको थियो भने सञ्चालन दिनेश खातीले गर्नुभएको थियो ।

तेस्रो धार

# शक्तिदेवीको उपासना र सार्थकता



प्रा.डा. डिल्ली ओली

खगोल, ज्योतिषि र मौसम अनुसार वर्षमा चारवटा दशैं हुन्छन् । यी शारदीय, हैमन्तिक, वाशन्तिक र ग्रिष्मिय हुन । शारदीय नवरात्रमा देवी व्युझने, हैमन्तिकमा भोजन ग्रहण गर्ने, वाशन्तिकमा सुत्ने र ग्रिष्मियमा कोल्टे फेर्ने मुहुर्त हुन । चारवटा दशैं मद्धे शारदीय नवरात्रलाई ठूलो दशैं र ग्रिष्मियलाई सानो दशैं भनेर संवोधन गरिन्छ । नवरात्र (नौवटा रात्र) विभिन्न नौ देवीसंग सम्बन्धित छन । रात्र शब्द तमोगुण हटाउने विषयसँग पनि सम्बन्धित छ । साथै तान्त्रिक उपासना पूजा आदि पनि रात्रसँग जोडिएका छन् । देवीलाई शक्ति मानिएको छ । जस्को विषय कार्य उत्पादन सामर्थ्य वा सृष्टिसंग छ । शक्ति उपासना मा कौलाचार र समयाचार पद्यति हुन्छ । कौलाचार पद्यतिमा पनि पूर्व र उत्तर कौल छन् । यिनमा बस्त्र, उद्योत्रिकोण युक्त धातुकोपाताको प्रतिकको पूजा हुन्छ । दशैं पूजामा पीठको महत्व हुन्छ जो शक्तिसंग जोडिन्छ ।

दशैंलाई विभिन्न नामले संवोधन गरिन्छ । नवरात्र विजयादशमी, वडादशैं, दूर्गा पूजा आदि विभिन्न नाम छन् । सबैतिर दशैंलाई बिजया दशमी भनेर संवोधन गरेको पाइन्छ । यो संवोधनले आश्विन शुल्क दशमी एक दिनलाई मात्र बुझाउदछ । यो दिन रामले रावणको बध गरेको दिनको रुपमा मानिन्छ । नवरात्र माथि उल्लेख गरिएको विषयको साथै आश्विन शुक्ल प्रतिपदा देखि नवमीका रात्रसम्मको समय हो । यससमा नौवटा देवीहरु क्रमश: शैलपुत्री, ब्रम्हचारिणी, चन्द्रघण्टा, कुश्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदातृको पूजा आराधना उपासना हुन्छ । दशैं अवसरमा भारतमा रामलीलाको ठूलो महत्व छ । वर्तमानमा यो नेपालमा पनि प्रवेश गरिसकेको छ । दशैंमा वंगालमा कालीपूजा हुन्छ । नेपालमा समष्टिमा देवी दूर्गाको पूजा हुन्छ । नवदूर्गामा महाकाली, महालक्ष्मी र महासरस्वतीको त्रिकोणात्मक उपस्थिति छ । यि तिनैको शक्ति महालक्ष्मीमा हुन्छ । जस्लाई दशैंमा दुर्गाको रुपमा पूजा उपासना गरिन्छ । पछिल्लो समय नवदूर्गाबाट विकसित भएको दशमहाविद्या-काली, तारा, त्रिपुरासुन्दरी, भुवनेश्वरी, छिन्नमस्ता, त्रिपुर भैरवी, धुमावती, वंगलामुखी, मातंगी, कमलाको पनि तान्त्रिक पद्यति अनुसार पूजा हुन्छ । दशमहाविद्या, नवदुर्गाको पूर्वरुप अष्टमातृका हुन । नेपालका विभिन्न ठाउमा कतै अष्टमातृका कहि नवदूर्गा र कहि दशमहाविद्यालाई भवानी दूर्गाकै रुपमा पुज्ने परम्परा छ । यो नेपाली संस्कृतिको शवल पक्ष हो । यिनका पूजा उपासना विधीमा केही भिन्नता देखिए पनि सबैतिर परम्परागत शास्त्रीय र तान्त्रिक पद्यति अनुसारनै हुने गर्दछन् । यस्को पुष्टि नेपालका शक्तिपीठ, कोट, मौला, घरमा हुने अनुष्ठानबाट हुन्छ । ठाउ अनुसार केही सामान्य भिन्नता हुनु स्वभाविकै हो । तिनमा स्थानिये समुदाय, भौगोलिक, सामाजिक र जातिय अवस्था, परम्परा, इतिहास निर्देशन,परिवर्तित् परिस्थिति स्थानिय र तात्कालिक कारण प्रमुख छन् ।

नेपाली दशैंमा खश र आदीवासी संस्कृतिको अन्तरमिलन छ र दुवैको संस्कृतिलाई समन्वय गरि विकसित गरिएको छ । यो रुप नवदूर्गामा देख्न सकिन्छ । किनभने कर्णाली क्षेत्रमा बाहुन क्षेत्री, गण्डकी क्षेत्रमा मगर, गुरुङ, भित्री मधेशमा राजी, वोटे, खुना र तराईमा उपस्थिति र प्रमान हुन्छ शक्तिपीठहरुमा । त्यहाँका मन्दिरमा उनीहरुकै पुजारी हुन्छन् । त्यतिमात्र होइन विभिन्न ठाउका दरवार, कोटघर, मौलामा उनीहरुको प्रभावकारी भुमिका हुन्छ । दशैं रणकौशल र युद्ध अभ्यासको अवसर हो । हाम्रो स्वभाव, चलन, वर्तमानलाई मात्र हेर्ने छ । विगतको इतिहास, संस्कृति, परम्परा भुल्दा राष्ट्र परिचयको कस्तो विजोग हुन्छ भन्ने तमाम दृष्टान्तहरु छन् । दूर्गा स्थापनामा देवीका आयुध -खड्ग, खुंडा,खुकुरी, तरवारको साथै उनको प्रसाद जमरा राख्ने चलन छ । नवरात्रकी दूर्गा घट, पट, चित्तकी प्रतिक हुन । आश्विन शुक्ल प्रपितदाको दिन (जो घटस्थापना भनिन्छ) हरेक घरमा दशैं स्थापना गर्ने चलन छ । यस्मा देवीका प्रतिमा, घण्ट, शंख अन्य हतियार र जमरा राख्ने चलन छ । टीका, जमरा हातहतियार, वली सहित देवीको पूजा उपासना पुरानो चलन हो नेपाली दशैंको । यी सामग्रीहरु धार्मिक, मनोवैज्ञानिक परम्परागत, सुरक्षा, समृद्धि र स्वास्थ्यसँग सम्बन्धित छन् र यिनले गम्भिर प्रतिकात्मक अर्थ बोकेका छन् । दशैंमा टीका, जमरा, सम्मान र आशिरवचनको ठूलो महिमा हुन्छ । टीका शौभाग्य र श्रीवृद्धिको प्रतिक हो । टीकामा रातो रंग, दहि, चामल हुन्छ । यो नेपाली टीका हो । जमरामा तमाम प्रकारका असाध्ये रोग निर्मुल गर्ने रसायन भएको सर्वस्वीकार्य कुरा हो । दहि शौभाग्य, समृद्धि र निरोगितासँग जोडिएको छ । रातो रंग वीरताको प्रतिक हो । त्यस्तै चामल महत्वपूर्ण खाद्य वस्तु हो । दशैंमा टीका लगाउदा ठूलाले सानालाई आशीर्वाद दिदै- आयूद्रोण सुते....... मंत्रमा प्रतिविम्बीत सामग्रीनै टीका जमरामा अन्तनिहित हुन्छ । टीका लगाउने पनि भृकुटी वा आज्ञाचक्रमा हो । त्यसैगरि नौ वटा देवीको नामोच्चारण शक्ति उपासना र स्त्री शक्तिको सम्मान हो ।

दशैं शासकिय स्वरुपको प्रतिक हो । विगत हाम्रो समाजमा विभिन्न स्वरुप, आकार प्रकारका राज्यहरु हुन्थे । सबैका विशेषता समान जस्तै थिए । त्यतिवेला दरवारलाई कोट पनि भनिन्थ्यो । दरवारको प्रांगणमा मौलो राख्ने चलन थियो । वर्तमानमा पनि यस्ता दृष्टान्तहरु हामीसँग छन् । त्यतिवेला मौलो राज्य शक्तिको प्रतिक थियो । मौलोको अर्थ सर्वोच्च हो । यस्लाई नेपालभाषामा क्वांठ भनिन्छ। उहिले यस्को पूजा गरेर मात्र दशैंको स्थापना हुन्थ्यो दरवार र घरभित्र । त्यतिवेला राज्यका आकार खुम्चने बढ्ने भैरहन्थे । यस्तो अवस्थामा मौलो पूजा, कोटपूजा, शक्तिको प्रतिक, देवीपुजा, दशैस्थापना, खुकुरी, खुँडा, तरवार,ढाल र सैनिकको व्यवस्था अत्यावश्यक मानिन्थ्यो । त्यसवेलाको दशैं परम्पराका अवशेषहरु वर्तमानमा पनि विभिन्न ऐतिहासिक दरवार, थुम खुवा आदिमा देख्न सकिन्छ । त्यसबेला शासकिय क्षमता, योग्यता, अनुभव र गुण अनुसार समाज संचालित थियो । विभिन्न गढी गौडाहरु वडाहाकिम अनि जिम्मावाल, पटवारी, मुखिया, तालुकदार, जेठावुढा, घाटबुढा आदिका विभिन्न तालुकर अम्वल हुन्थे । दरवार, कोटघर, शक्तिपीठ अपायक ठाउमा भए यिनको प्रतिनिधित्व स्थानिय तहमा उपर्युक्त यक्तिहरुले गर्दथे । त्यसबेलाका दरवार, कोटघर, शक्तिपीठहरुले सबैलाई जोड्ने काम गर्दथे । त्यो वेला युद्धको समय थियो । त्यस्को लागी दशमीको टीकाको साइत पर्खेर बस्ने चलन थियो । वर्तमानमा पनि हरेक कार्यको थालनीको लागी टीकाको दशमीको साईत महत्वपूर्ण मानिन्छ । दशैंमा देवी दूर्गालाई वली दिने चलन छ । यो युद्धको मानसिक तयारीको लागी हो । हाम्रो परम्परा इतिहास र संस्कृतिले यही संकेत गर्दछ । वली तन्त्रसंग जोडिएको पनि छ । अझ नवमीको दिनमा बाइस अंगूल सिङ भएको सतार रांगोको वलि दिने चलन हो । त्यो मारहान्ने व्यक्तिलाई जोधा भनिन्थ्यो । संसारका सबै सभ्यता धर्म, परम्परा, संस्कृतिमा बलि दिने चलन पार्दछ । यो शक्ति आर्जनसंग पनि जोडिएको छ । नेवाहरुमा टीका पनि खड्ग जात्रा हुन्छ । यस्को अन्तरनिहित अर्थ पनि माथि उल्लेखित विवरण जस्तै हो । यो शाक्त परम्परा हो । यही समयमा पश्चिम तिर सरायो खेल्ने चलन पनि छ । यसमा गाउका सबै जम्मा भएर खुकुरी, तरवार, भाला,ढाल, लठ्ठी लिएर एकापसमा युद्धको अभ्यास गर्दछन् । त्यसै गरि दशैंमा रागमालश्री गाउने चलन पनि मौलिक नेपाली चलन हो । मालश्री रागको नाम हो । यसमा विभिन्न युद्धको वर्णन र देवी स्तुति हुन्छ । साथै विभिन्न गाथा गाउने, खाँडो जगाउने पनि दशैंको समयमानै हो । यिनको सम्बन्ध पनि शक्ति आर्जन र शक्तिपूजासंग सम्बन्धित छ । पश्चिम नेपालका थारुहरुले यो समयमा देवीस्तूती, दङगीशरणगाथा, महाभारतगाथा प्रस्तुत गर्दछन् । यिनको अर्थ पनि त्यही हो । मूलत: शक्ति र तन्त्रसंग वली सबन्धित भए पनि वर्तमानमा यसको विपक्षमा आवज उठी रहकोले यो पक्षलाई पनि संवोधन गर्नु पर्ने देखिन्छ । किनभने परम्परामा सैद्धान्तिक र व्यावहारिक दुवै पक्ष हुन्छन् ।

नेपाल उपत्यकामा काठमाडौंलाई अष्टमातृका प्रधान शहर भनिन्छ । काठमाडौं मूख्य सहरको निर्माण र विकास खड्ग आकारमा भएको बताइन्छ । यहाँको केन्द्रीय मार्ग इन्द्रचोक मानिन्छ । त्यस्तै भक्तपुर नवदूर्गा प्रधान शहर मानिन्छ । यस्को निर्माण शंख आकारमा भएको छ । यस्को केन्द्रीयभाग भक्तपुर दरवारक्षेत्रको त्रिपुरासुन्दरी हो । जहाँ उर्ध्व त्रिकोणत्मक कुंदेको ढुंगा छ । पाटन शहरको निर्माण स्वस्तिकाकारमा भएको छ । यहाँको केन्द्रीयभाग मंगलबजार हो । यहाँको स्वस्तिकाकारको बनावट बाटोले दिन्छ । तिनै शहर मध्ये तन्त्रको विकास पाटनमा भएको हो । यहाँको वाहिरी घेरामा अष्टमातृका छन् र दशमहाविद्याका दशवटा शक्ति छन् । यसरी सभ्यताको अति प्राचिन ठाउ नेपाल उपत्यकानै शक्ति प्रधान छ जहाँ जीवित शक्ति (कुमारी)को प्रभाव र महत्व पनि त्यही स्तरमा छ ।

दशैं भेटघाट मनोरञ्जन, खानपिन फुर्सदको समय हो । आफ्नो घरबाट टाढा गएका विदेशीएका, जागिरमा लागेका, विद्यार्थी, श्रमिक सबै दशैंलाई केन्द्र मानेर घर, गाउ फर्कन्छन् । सबै एकाआपसमा भेटघाट, रमाईलो गर्ने चलन छ । यो स्वजन, प्रियजन, मित्र, नाताकुटुम्बको मिलनको अवसर पनि हो । दशैंमा सबै आफ्ना मान्यजन कहा गएर टीका थाप्नु, आशिर्वाद लिनुले ठूलो महत्व राख्दछ । यो नेपाली सभ्यता र संस्कृतिको बिशिष्ट प्रतिक हो ।

## प्रशिक्षण...

उपस्थित सबै आमन्त्रितहरुलाई समाजका कार्यक्रम अधिकृत बाबुराम पौड्यालले स्वागत गर्नुभएको थियो । सहभागीहरुले प्रशिक्षणपश्चात आफूहरु आयआर्जन गर्न सक्षम हुने भन्दै आयोजक दुवै संस्थाहरुप्रति आभार ब्यक्त गरेका थिए ।

प्रमुख अतिथि लीलामाया पौडेलले सुरेन्द्र ढकाल प्रतिष्ठानले यस्ता कार्यक्रमहरु मेचीदेखि महाकालीसम्म संचालन गर्दै आएको जानकारी दिँदै यस प्रशिक्षणले विपन्न महिलाहरुको आयआर्जनमा सहयोग गर्ने अपेक्षा व्यक्त गर्नुभयो । कार्यक्रमको अन्तमा प्रमुख अतिथि पौडेलले सबै सहभागीहरुलाई प्रमाण पत्र प्रदान गर्नुभएको थियो ।

## वैज्ञानिक...

समुद्रको उचाइ बढेको, सुख्खापन, डढेलो, बाढी, पहिरो र भोकमरीजस्ता समस्याले हालैका दिनमा विश्वलाई ग्रस्त बनाएको वैज्ञानिकको तर्क छ । यसलाई नरोके पृथ्वीमा समस्या उत्पन्न हुने उनीहरूको भनाइ छ । प्रतिवेदनमा विभिन्न तरिकाले हामीले जलवायु परिवर्तन तथा उच्च तापक्रम रोक्दै पृथ्वीलाई बचाउन सकिने उपाय दिइएको छ । ती सुझावमा सन् २०१० देखि सन् २०३० सम्म 'कार्बन डाइअक्साइड' को मात्र ४५ प्रतिशतले घटाइ सक्नुपर्ने भनिएको छ ।

सन् २०५० सम्म नवीकरणको माध्यमबाट ८५ प्रतिशत जनसंख्यालाई बिजुलीको सुविधा प्रदान गरिनुपर्छ । यसमा वैज्ञानिकले सोलार, हावालगायतका प्राकृतिक पद्धतिलाई मान्यता दिइएका छन् । कोइलाको प्रयोगलाई शून्यमा झारिनु पर्छ । यसले वायु प्रदूषणमा मुख्य भूमिका खेलेको छ । ७० लाख वर्ग किलोमिटर जमिनमा ऊर्जा निकाल्न सकिने अन्नबाली रोपिनुपर्छ । जहाँबाट बिजुली उत्पादन गर्न सकियोस् ।

वैज्ञानिकहरूले विश्वव्यापी यस समस्यामा सुधार ल्याउन महँगो पर्ने बताएका छन् । सन् २०१६ देखि २०३५ को बीचमा यस समस्यामा सुधार ल्याउन विश्वभर २४ खर्ब अमेरिकी डलर लगानी गर्नुपर्ने बताएको छ । प्रतिवेदनमा यदि, १ दशमलव ५ डिग्री सेल्सियसभन्दा बढी तापक्रम बढेमा समुद्रको उचाइ १० सेन्टिमिटरले बढ्नेछ । जसले विभिन्न बस्ती डुबानमा पर्ने खतरा बढ्नेछ । विभिन्न देशमा हुने गरेको वन फडानीका कारणसमेत विश्वमा तापक्रम तथा जलवायु परिवर्तन भइरहेको छ । विश्वभरिका नेताले यससम्बन्धी नीति तथा कानुन बनाएर यसमा गम्भीर उपायहरू अपनाउनुपर्ने प्रतिवेदनले सुझाएको छ । विश्वका नेता एक भएर समस्या समाधानको विकल्प खोज्नुपर्ने प्रतिवेदनको मुख्य सार रहेको छ ।

## आश्चर्यजनक...

नेहरुलाई भेटेर म तुरुन्तै समाधान गर्छु भन्नुहुन्थ्यो । तर ०१७९।१ गते राजा महेन्द्रले कु गरेर प्रजातन्त्रको हत्या गरी पञ्चायती सिस्टम लागू गरे ।

२०७५ सालमा बीपीलाई सुन्दरीजल जेलबाट रिहा गरेर हामीलाई पनि आम माफी दिएको केही समयपछि बनारसको सारनाथमा भेट भएपछि बीपीले मलाई पुन: भन्नुभयो- अब पञ्चायती व्यवस्था खारेज गरेर हाम्रो सरकार बनेपछि पूर्वोक्त भारतीय नक्साहरु बदर गरी सच्याउनुपर्छ । यस प्रकार त्यो पुनीत कार्य धराशायी हुन पुगेको हो ।

दुर्भाग्य, उल्टो उहाँकै भाइ गिरिजा १ पटक, २ पटक मात्र होइन ६।६ पटक प्रधानमन्त्री हुनुभयो । काम भने सबै राष्ट्रघाती गर्नुभयो । आफ्नै पार्टी अध्यक्षलाई दुई दुई पटक चुनावमा हराउनुभयो । सर्वमान्य नेता गणेशमानलाई चितवन भरतपुरमा हत्या गर्ने असफल कुकर्म गर्नुभयो । सर्वोच्च नेता, पार्टी अध्यक्ष, समग्र राष्ट्रलाई थाहै नदिई महाकाली सन्धि, आफ्नै दाजु महामानव बीपीलाई मृत्युदण्ड दिने ७७ वटा मुद्दा दिने षड्यन्त्रकारी सूर्यबहादुर थापालाई पूर्वोक्त मुद्दा सुबथाले गरेको होइन भनी सुनपानी, गहुँत छिटेर चोख्याएको मात्र होइन, पूर्वपञ्चहरुले अपेक्षा नै नगरेको तीस वर्षे ज्यादती कारकलाई दश वर्षभित्रैमा तीनै पंचे सूबथा र लोकेन्द्रलाई प्रम बनाउने नेकपाका मतियार गिरिजाले भित्रभित्रै १ करोड भारतीय नागरिकलाई नेपालको नागरिकता दिने गोप्य घोर अक्षम्य अपराध पनि गरेछन्, जुन कुरा बीजेपीका नेता भारतका गृहमन्त्री राजनाथ सिंहले ४५ लाखले लिइसके अब ५५ लाख भारतीय नागरिकले नेपालको नागरिकताको प्रमाणपत्र लिन बाँकी छ भनेर सार्वजनिक आम सभामा गृहमन्त्री हुने बित्तिकै पटक पटक भाषण गरेको थियो ।

यत्ति मात्रै हो र देशै टुक्र्याउँछु, मधेस नेपाल होइन, पहाडेहरु चुरे उत्तर जाउ मधेस अलग देश हो भन्नेहरुलाई पार्टीको केन्द्रीय सदस्य मात्र होइन, वरिष्ठ पद र मन्त्रालयको मन्त्री पनि बनाएर मित्रराष्ट्रहरुले बनाइदिएका कलकारखाना उद्योगहरु कौडीको मूल्यमा बेचेका मात्र होइन, अपितु लोकप्रिय राजा श्री ५ वीरेन्द्रको पूरै वंश सहार हुँदा पनि प्रधानमन्त्री एवं राजदरबारसम्बन्धी मन्त्री समेत भएका गिरिजाले कथित उल्टो श्री ५ युवराजाधिराजको निर्दोष थाप्लोमा हत्यारा दीपेन्द्र हुन् मात्रै भनेनन् अपितु दश दश जना राजपरिवारका मृत शवको पोस्टमार्टम गराएनन्, जबकि वेवारिसे मिकमेगाको पनि पोस्टमार्टम गरिने विश्वभर प्रावधान विद्यमान छ ।

यस्ता गिरिजालाई नोबेल प्राइजबाट सम्मानित गरिनुपर्छ भनेर नेकपाका सुख्याति प्राप्त वरिष्ठ नेता एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले धेरै कसरत गर्नुभयो । *क्रमश:*

हार्दिक शुभकामना

महान पर्व २०७५ को बडादशैं शुभ दीपावली, नेपाल संवत ११३९ र छठ पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Seven Summit Treks Pvt. Ltd.

मिङ्मा शेर्पा
प्रबन्ध निर्देशक

Dhumbarahi, Kapan, Kathmandu, Nepal
+977 -1-4822960, 4822940
info@sevensummittreks.com